स्थानीयको माग सम्बोधन गरी बूढीगण्डकीको... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ८७ • २०८० साल साउन ३० गते मंगलबार (15 August, Tuesday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

# ३६ वर्ष पछि कोशी ब्यारेजको ५६ वटै ढोका खोलियो

**टुडे समाचारदाता**

राजविराज । सप्तकोशी नदीमा सोमवार विहान यस वर्षकै पानीको उच्च वहाव भएपछि कोशी ब्यारेजको सबै ५६ वटा ढोका खोलिएको छ।

कोशी ब्यारेजको इतिहासमा ५६ वटै ढोका खोलिएको यो तेश्रो पटक हो । यस अघि सन १९६८ मा ७ लाख ८८ हजार २ सय क्युसेक तथा सन १९८७ मा ५ लाख २३ हजार क्युसेक प्रति सेकेण्ड पुग्दा ५६ वटै ढोका खोलिएको इतिहास छ।

पछिल्लो पटक सोमवार विहान ६ बजे सप्तकोशी नदीमा पानीको बहाव ४ लाख ६२ हजार क्युसेक प्रति सेकेण्ड पुगे पछि जोखिम बढेकाले सबै ५६ वटा ढोका खोलिएको कोशी ब्यारेज कन्ट्रोल रुमले जनाएको छ।

कोशी ब्यारेजको कुल भारवहन क्षमता ९ लाख क्युसेक प्रति सेकेण्ड छ। मधेश तीर खासै वर्षा नभएपनि पहाडी क्षेत्रमा जारी अबिरल वर्षा संगै सप्तकोशी नदीमा पानीको बहाव उच्च भएको कन्ट्रोल रुमले स्पष्ट पारेको छ।



कोशीमा पानीको बहाव उच्च भएपछि खतरा सम्बन्धि संकेत स्वरुप ब्यारेजको पुर्वी कोणमा रातो झण्डा संगै रातो बत्ती बालिएको छ । यद्यपि पानीको जलस्तर घट्दै गएकाले सवारी आवागमन नरोकिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिहले जानकारी दिए । उनका अनुसार सोमवार साँझ ६ बजे तीर विहानको तुलनामा पानीको बहाव १ लाख ६१ हजार क्युसेक प्रति सेकेन्डले घटेर ३ लाख १ हजार क्युसेक प्रति सेकेन्डमा पुगेको छ।

सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेजमा वर्षाले निम्त्याउन सक्ने जोखिम बारे दुबै जिल्लाका प्रहरी प्रशासन "हाइ अर्लट" अवस्थामा रहेको उनले जानकारी दिए। उनले सम्भावित जोखिमलाई ध्यानमा राखी आसपासका वासिन्दालाई सर्तकता अपनाउन अनुरोध सहित सुरक्षका लागी आवश्यक व्यवस्था र रणनीती बनाउनमा स्थानीय प्रशासन जुटेको समेत बताए।

यता पहाडी क्षेत्रमा भइरहेको वर्षाले सप्तकोशी आसपास तथा चारै तिर कोशी नदीले घेरिएको हनुमाननगरकंकालिनीनगरपालिका १३ गोबरगाढाका वासीन्दामा त्रास फैलिएको छ। यहाँ १ सय परिवारका करिब ३ सय जनाको वसोवास छ । वडाअध्यक्ष कुशेश्वर यादवले वस्तीको पूर्वबाट कोशीको भंगालोले कटान गर्न थालेको जानकारी दिदै सोही कारण स्थानीयमा त्रास फैलिएको बताए। समयमै कटान रोक्ने उपाय नगरिए यहाँका घर घरमा पानी पस्ने मात्र नभई घरनै बगाउने स्थानीयमा चिन्ता थपिएको वडाअध्यक्ष यादवले सुनाए।

चारै तीर कोशीको भंगालोले घेरीएका ती वस्तीका वासिन्दा आपतविपद परे २ घण्टा डुंगा चढेर हनुमाननगर बजार पुग्ने गरेको वडाअध्यक्ष यादवको भनाइ छ। नगर प्रमुख विरेन्द्र माझीले गोबरगाढा वस्तीको अवस्थाबारे आफू पूर्ण जानकार र निरन्तर सर्म्पकमा रहेको बताए । उनले ब्यारेजमा बहाव बढ्दै गए उनीहरुलाइ कसरी सुरक्षित र व्यवस्थापन गर्ने यसबारे निरन्तर निगरानीका साथै नगरपालिकासंग भएका सबै श्रोत साधन तयारी अवस्थामा राखिएको जानकारी समेत दिएका छन्।

# गठबन्धन छाड्ने उपेन्द्र यादवको चेतावनी

**टुडे समाचारदाता**

काठमाण्डु । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी (जसपा) ले गौर हत्याकाण्डमा आफूलाई निशाना बनाए गठबन्धन छाड्ने चेतावनी दिएका छन् । सोमबार प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको गठबन्धनको बैठकमा जसपाले गौर हत्याकाण्डबारे छानबिन भए आफूहरु सरकार र गठबन्धन छाड्ने चेतावनी दिएको छ।

जसपाले गौर हत्याकाण्डमा आफुलाई निशाना बनाए गठबन्धन छोड्ने चेतावनी दिएको नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले जानकारी दिए।

पाण्डेले भने,'गौर हत्याकाण्डका बारेमा प्रश्न उठ्यो। जसपाका साथीहरूले हामीलाई गठबन्धनमा यसरी नै टार्गेट गरिरहने हो भने गठबन्धनमा रहने, नरहने सोच्नुपर्छ भन्नेखालको शंकास्पद कुरा व्यक्त भएको छ। कानूनसम्मत ढंगले टुंग्याउने कुरा भएको छ।' गौर हत्या काण्डमा तत्कालिन मधेशी जनअधिकार फोरमको कुनै गल्ती नरहेको जसपाका नेताहरु बताउँदै आएका छन्।



प्रधानमन्त्री निवास बालुवाटारमा सोमबार सत्ता गठबन्धनमा आबद्ध दलहरुको बैठकमा सहभागीहरु। *तस्विर : रासस*

तत्कालिन मधेशी जनअधिकार फोरम नेपालको निर्धारित कार्यक्रममा तत्कालिन माओवादीका नेता प्रभू साहले भाड्न खोज्दा नसोचेको घटना भएको उनीहरु दावी गर्दै आएका छन्। एका तिर सरकार टिकाउन समर्थन चाहिने अर्कोतिर नगरेको घटनामा बलजर्वजस्ती फसाउन खोज्दा सरकारमा बसि रहनुको कुनै तुक नरहेको जसपाका एक नेताले बताए।

गौर हत्याकाण्डका मुख्य दोषी आम आदमी पार्टीका नेता प्रभू साह रहेको र उनलाई कारवाही गर्नकालागि जसपाका नेताहरु विभिन्न पार्टीका नेताहरुलाई भेट्ने क्रम जारी छ।

ती नेताले भने-'हामीले लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो लगायत अन्य पार्टीका नेताहरु संग यस बिषयमा कुराकानी गऱ्यौ, सवै जना सकारात्मक छ, दोषीलाई कारवाही गर्न सवै जना तया छन् तर, जसपाका नेताहरुलाई मात्रै टार्गेट गर्ने हो भने हामी सरकार छाड्न तयार छौं।'




**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस**

**हाल नेपालका विभिन्न जिल्लाहरुमा भाइरल कन्जंक्टिभाइटिस अर्थात् आँखा पाक्ने समस्या देखिएकोले सर्तक रहौं।**

**लक्षणहरु**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने



**रोकथामका उपायहरु**

**भाइरल कन्जंक्टिभाइटिस (आँखा पाक्ने रोग) सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ। त्यसैले रोकथामका निम्न उपायहरु अपनाएर आँखा पाक्ने रोगबाट बचौं।**

- संक्रमित व्यक्तिसँग नजिकको सम्पर्कमा नजाने र संक्रमित व्यक्ति भिडभाडमा नजाने
- संक्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने
- जथाभावी आँखा नछुने। आँखा छुनु परेमा छुनु अघि वा छोइसके पछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने
- व्यक्तिगत सरसफाइमा ध्यान दिने।

**भाइरल कन्जंक्टिभाइटिस भइहाले अत्तिनु पर्दैन। यो रोग १ देखि २ हप्तामा आफैं निको हुन्छ। स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं।**

**परोहा नगरपालिका**
**लौकाहा, रौतहट, मधेश प्रदेश, नेपाल**

# आत्महत्या गर्ने दुरुत्साहन मुद्दामा कारागार चलान

टुडे समाचारदाता

गौर । रौतहट जिल्ला अदालत गौरले आत्म हत्या गर्न दुरुत्साहनको मुद्दामा एक जनालाइ कारागार चलान गरेको छ।



जिल्लाको गुजरा नगरपालिका वड़ा नम्बर ४ का ३३ बर्षीय परबेज उर्फ मजिला भन्ने राजेश राजबंशीलाइ आफ्नै श्रीमतीलाइ आत्महत्या गर्न दुरुत्साहन गरेको अभियोगमा पुरपक्षको लागि कारागार चलान गरेको छ।

गत बैशाख २४ गति गुजरा नगरपालिका ४ की २५ वर्षीय नूरजहां खातूनले आफ्नै घरमा झुन्डिएर आत्महत्या गरेपछि मृतकका दाजु अव्वास देवानले मृतकका पति राजबंसी विरुद्ध दिएको कीटाणी जाहेरीको आधारमा प्रहरीले हिर ासतमा लिएर अनुसन्धानको कार्य संपन्न गरी राय प्रतिबेदन जिल्ला सरकारी वकील कार्यालयमा बुझाएका थिए।

प्रहरीको अनुसन्धान पछि प्राप्त भएको राय प्रतिबेदनको आधारमा अभियोग पत्र त्यार गरी अभियोग सहित थुनुवालाइ थुन्छेक बहस प्रयोजनको लागि जिल्ला अदालतमा पेश गर्दा दुवै पक्षको बहस सकिए पछि जिल्ला न्यायधीश बाबुकाजी बनियाको एकल इजलासले आरोपितलाइ थुनामा राखी मुद्दाको कार्यवाही गर्न आदेश दिएको अदालतका उपसचिब उद्धव ढोडारीले जानकारी दिएका छन।

थुन्छेकको आदेश भएपछि पीड़ित पक्ष जाहेरवाला देवानले बहिनीलाइ बर्षौ देखि शारीरिक तथा मानसिक यातना दिदै आएकोले यातना सहन नगरेर आत्महत्या गरेको बताए।

अदालतले प्रारंभिक आदेशले न्याय पाउने आशा पलाएको प्रतिक्रिया दिदै दोषीलाइ कारागार नपुर्याए सम्म बहिनिको मृत आत्माले शांति नपाउने बताए। १२ वर्ष अघि सामाजिक परम्परा अनुसार राजवंशी संग विहे भएको मृतक खातूनको साढ़े चार वर्ष र साढ़े दुइ बर्षको २ छोरी रहेको छ। छोरी मात्र जन्माएको र छोरा नजन्माएको भन्दै राजवंशीले बहिनीलाई पटक पटक मानशिक तना दिएर यातना दिनुको साथै दाइजो प्रयाप्त नल्याएको भन्दै कुटपिट समेत गर्दै आएको आरोप लगाए।

मुलुकी अपराध संहिता २०७४ को दफा १८५ मा कसैले कसैलाइ आत्महत्या गर्न दुरुत्साहन दिन वा त्यस्तो काम गर्ने सम्मको परिस्थिति खड़ा गर्न वा गराउन नहुने र यदि गराएमा त्यस्तो कसूर गर्ने व्यक्तिलाई ५ वर्ष कैद र ५० हजार रुपैया सम्म जरिवाना हुने क़ानूनी व्यवस्था रहेको छ।

# गढीमाई नगरपालिकाको बजेट ५३ करोड भन्दा बढी

टुडे समाचारदाता

गरुडा । रौतहटको गढीमाई नगरपालिकाले सोमवार आफ्ना नवौं नगरसभा सम्पन्न गरेको छ।



सरकारको नियम अनुसार प्रत्येक स्थानीय तहले असार मसान्तसम्म नगरसभा गरिसक्नुपर्ने अर्थात आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम ल्याइसक्नुपर्ने प्रावधान छ तर विभिन्न कारणले हुन नसकेको गढिमाई नगरपालिकाको नवौं नगरसभा एक महिना ढिलो गरी सोमवार मात्र सम्पन्न भएको छ।

गढीमाई नगर प्रमुख (मेयर) श्याम प्रसाद यादवको अध्यक्षतामा सम्पन्न भएको नगर सभाले चालु आर्थिक वर्ष २०८०/०८१ का लागि ५३ करोड भन्दा बढी रुपैयाँ बजेट ल्याएको छ।

नगरसभाले चालु आर्थिक वर्ष २०८०/०८१ मा नगरको समग्र विकासका लागि ५३ करोड भन्दा बढी आयव्यय सहितको बजेट प्रस्तुत गरेको छ।

चालु आर्थिक वर्षमा नगरको चौतर्फि विकासका लागि गढिमाई नगरपालिकाले आफना नवौं नगरसभाबाट ५३ करोड १५ लाख ८४ हजार ४ सय रुपैयाँ बजेट पारित गरेको छ।

चालु तर्फ ३७ करोड़ ७२ लाख ४७ हजार चार सय, पुंजीगत तर्फ १५ करोड ४३ लाख ३७ हजार, आन्तरिक राजश्व तर्फ ६ करोड , शसर्त अनुदान तर्फ ३ करोड, समानीकरण तर्फ २ करोड , राजश्व बाड़ँफाट तर्फ ५० लाख , मालपोत रोयालिटी तर्फ ५० लाख र राजश्व बाडफाट प्रदेश तर्फ ५० लाख गरी सो बजेट प्रस्तुत गरिएको गढिमाई नगर प्रमुख श्याम प्रसाद यादवले जानकारी दिएका छन्।

कार्यक्रममा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवले चालु आर्थिक वर्षको लागि संघीय र वितिय वित्तिय समानीकरण, शशर्त अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आय लगाएतको गरी सो रकम प्रस्तुत गरेका हुन।

यस वर्ष शिक्षा, स्वास्थ्य, कृषि, यातायात, खानेपानी, विधुत, भौतिक पुर्वाधार निर्माण कार्य लगाएतलाई विशेष प्राथमिकतामा राखेर सो बजेट प्रस्तुत गरिएको प्रशासकीय अधिकृत यादवले बताए।

यस वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आयव्यय सहितको उक्त बजेट प्रस्तुत गरिएको मेयर श्याम प्रसाद यादवले बताए।

संघियताको कार्यान्वयन गर्दै नगरवासीलाई स्थानीय सरकारको प्रत्याभुति दिलाउने, प्रकोप व्यवस्थापन गर्ने, विकास सुशासनको प्रत्याभुति दिलाउने, कृषि, पशु, शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा विशेष लगानी गर्ने, रोजगारीको अवसर श्रृजना गरी युवालाई विदेश प्लायन हुनबाट रोक्ने, पर्यटन प्रवर्द्धनका आयोजनाहरुको पहिचान र कार्यान्वयनमा तिव्रता दिने, सडक एवं अन्य भौतिक पूर्वाधार निर्माण कार्यको स्तरउन्नती गर्ने लगाएत कार्यलाई नगरपालिकाले आफना निती तथा कार्यक्रममा विशेष प्राथमिकता दिएको छ।

# भारतीय 'विभाजन विभीषिका' को स्मृतिमा प्रदर्शनी



अनिल तिवारी

वीरगञ्ज । 'करोडौ मान्छे विस्थापित र लाखौको मृत्यु भएको कहालिलाग्दो दृश्यलाई उक्त फोटोहरु अहिले पनि दर्शाइरहेका थिए । ब्लेक एण्ड ह्वाइ भए पनि तीसबर्ष अगाडि भारतीय जन जिवन र स्वतन्त्र पछिको कहाललाग्दो उक्त अवस्था झलकाउने फोटोहरुलेप्रदशर्नीमा सहभागी जो कोहीको मनलाई मर्माहत बनाएको थियो।' वीरगञ्ज स्थित भारतीय दुतावासमा आउने सबैको मन उक्त फोटोहरुले छोएका छन्।

भारतीय महावाणिज्य दुतावासले आयोजना गरेको प्रदर्शनीमा आएका सबैलाई भारतीय विभाजनबाट उत्सर्जित अवस्थाको बारेमा जानकारी गराउदै उत्पन्न भएको कहालिलग्दो इतिहासको बारेमा ताजा बनाएको अनुभव भएको पत्राचार चन्दकिशोरले बताए । उने भने-'जिवन पाउनको लागी ,जिवनको सघर्ष र राजनैतिक स्वतन्त्राको लागी उत्पन्न घरवार बिहीनको अवस्था कहाली लाग्दो थियो होला ! मलाई लाग्छ यो प्रदर्शनीमा आउने सबैको मनलाई फोटोहरुले मर्माहत बनाएको छ।'

भारतीय स्वतन्त्रताकोठिक एक दिन अगाडि भएको भारतको विभाजनले उत्पन्न भएको उत्सर्जित अवस्थामा आधारित, वीरगञ्ज स्थित भारतीय दुतावास परिसरमा सोमबारफोटाप्रदर्शनीकोआयोजना गरिएको थियो ।२०फरवरी १९४७ कादिन ब्रिटिश प्रधान मन्त्री क्लेमेंट एटलीले हाउस अफ कमन्समा भारत र पकिस्तान राज्य स्थापना भएको घोषणा पछि उत्पन्न अवस्थालाई समझिदै मोदी सरकारले 'विभाजनका विभीषिका' स्मृति दिवस १४ अगस्तको दिन मनाउदै आएको छ।

सोही दिनको अवसरमा भारतीय महावाणिज्य दुतावासले फोटो प्रदर्शनीको आयोजना गरेको थियो । नेपाली कांग्रेसका केन्द्रिय सदस्य एवम पर्सा क्षेत्र नम्बर २का सांसद अजय चौर सियाले उक्त फोटो प्रदर्शनीको उद्घाटन गरेका थिए । भारतको विभाजन पछि उत्पन्न जनताहरुले भोग्नु परेको विभिन्न घटना तथा संघर्षका ५० भन्दा बढी फोटोहरु प्रदर्शनीमा लगाइएका थिए।

जुन त्यसवेला लाखौ नागरिकका हत्या र करौडो व्यक्तिहरु विस्थापित भएको अवस्थालाई झलभली दर्शको छ। प्रदर्शनी उद्घाटन कार्यक्रममा प्रमुख अथिति अजय चौरसियासंगै भारतीय महावाणिज्य दुत नितेश कुमार, राजनैति कन्सुलर शैलेन्द्र कुमार, कल्चरल एवम मिडिया तथा प्रेस कन्सुल शशिभूषण कुमार लगायत महाबाणिज्य दुतावासका पदाधिकारी तथा स्थानीय संचारकर्मी ,व्यापारी, समाजसेवी लगायत नेपाल स्थित भारतीय नागरिकहरु उक्त प्रदर्शनीको अवलोकन गरेका थिए।

# बौधिमाई नपा र राष्ट्रिय भूमि आयोग बीच समझौता



टुडे समाचारदाता

गौर । रौतहट जिल्लाको बौधिमाई नगरपालिका र राष्ट्रिय भूमि आयोग रौतहट विच समझौता सहमति भएको छ।

नेपाल सरकारले गठन गरेको राष्ट्रिय भूमि आयोग विच भूमिहीन दलित ,सुकुमबासीलाई जग्गा वितरण गर्ने र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्ने सम्वन्धमा बौधिमाई नगरपालिका विच समझौता सहमति भएको हो।

नगर प्रमुख प्रदीप यादव र राष्ट्रिय भूमि आयोग रौतहटका अध्यक्ष उद्धव रेग्मी विच समझौता सहमति पत्रमा हस्ताक्षर गरेका छन। हस्ताक्षर पछि समझौता पत्र एक अर्कालाइ बुझाइएको निमित प्रमुख प्रशासकीय अधिकृत प्रमोद यादवले जनाएको छ।

समझौता पत्रमा भूमिहीन दलित सुकुम्बासीलाइ जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि भूमि सम्वन्धी ऐन २०२१ ,भूमि सम्वन्धी नियमहरू २०२१ , राष्ट्रिय भूमि आयोग गठन आदेश २०७८ र अन्य प्रचलित क़ानूनमा भएका व्यवस्था अनुरूपको कार्य गर्न आयोग स्थानीय तह एक आपसमा सहकार्य गर्ने उल्लेख गरिएको नगर प्रमुख यादवले बताएका छन।

सहमति अनुसार जग्गाको व्यवस्थापन गरी बास्तविक भूमिहीन दलित र सुकुमबासीलाई जग्गाको व्यवस्थापन गर्ने कार्य अगाडी बढाउने मेयर यादवले बताए।

# निःशुल्क उपचार पाउँदा स्थानियहरु खुशी

सिकेन्द्र पासवान

बारा । महागढीमाई नगरपालिकामाका सर्व सधारणले आफ्नै गाँउठाँउमा निःशुल्क आँखा उपचार सहित औषधी पाउन थालेपछि हर्षित भएका छन्।



आँखा रोगी बिरामीको संख्यामा थप वृद्धि हुँदै गएपछि महागढीमाई नगरपालिकाले आँखा चेक जाँच केन्द्रको स्थापन गरिएको छ। सो केन्द्रको नगरप्रमुख उपेन्द्र यादवले उद्घाटन गरेसंगै बिरामीहरुले सेवा लिन थालेका छन्।

महागढीमाई नगरपालिका वडा नं २ मा सो केन्द्र संचालन गरिएको छ । उद्घाटनपछि आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख यादवले आँखा चेक जांच केन्द्रले सर्व सधारणलाई राहत पुग्ने बताए।

यस पालिका भित्रका ब्यक्तिहरुलाई आँखा पाक्ने (कन्जेक्टीभ क्यबाइसिस) रोगीको संख्यामा दिन प्रति दिन वृद्धि हुँदै गएपछि बिरामीहरुले आँखा चेक जांच गराउनको लागि मोटो रकम खर्च गरेर कलैय ,बिरगञ्ज परवानीपुर केडीया अस्पताल र काठमाण्डुको विभिन्न अस्पतालमा सास्ती खेपेर जानु पर्ने बाध्य भएको गुणासो बढेपछि आँखा चेक जाँच केन्द्र संचालनमा ल्याएको नगरप्रमुख यादवले जानकारी दिए।

चेकजांच आँखा केन्द्रमा ,निःशुल्क चेक जांचको साथै निःशुल्क औषधि समेत प्रदान गर्ने भएको हुदा सो केन्द्रमा आई उपचार गराउन नगरवासीहरुलाई नगरप्रमुख यादवले आग्रह गर्नुभयो। निकट भविश्यमा सुविधा सम्पन्न आँखा चेकजांच केन्द्रको छुट्टै भवन सहित दक्ष जनशक्ति र डाक्टरको ब्यवस्थापनको लागि कार्यविधी तयार भइरहेको नगरप्रमुख यादवले सर्व सधारणलाई जानकारी गराए. ।

आँखा चेकजांच केन्द्र संचालनमा आएसगै यहाँका करिब दुई सय भन्दा बढी आँखाका बिरामीहरुले चेकजांच गराएर निःशुल्क औषधि लिईसकेका महागढीमाई नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख बिजय कुसवाहाले जानकारी दिएका हुन।

गढीमाई नगरपालिका वडा नम्बर २ का अध्यक्ष बिश्वनाथ कुशवहाको अध्यक्षतामा आखा जाच केन्द्रको उदघाटन भएको थियो।

# प्रअमाथि कारवाहीको माग

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको शहीदनगर नगरपालिकाका श्री राप्रा वि मतौनाका प्रधानाध्यापक (प्रअ)जयकुमार यादवलाई कारवाहीको माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई निवेदन दिइएको छ।

विद्यालयका प्रअ यादवमाथि विगत तीन बर्ष देखि आर्थिक, शैक्षिक तथा प्रशासनीक काम काजमा धेरै अनियमितता गर्दा गर्दै विद्यालयलाई अस्त व्यस्त पारेको आरोप लगाइएको छ। विद्यालयका पूर्व प्रअ बेचनप्रसाद यादवले पाठ्यपुस्तकको रकम, छात्रवृति वितरणको रकम, बाल विकासका खेलकुदको सामग्रीको रकम, दैनिक दिवा खाजाको रकम, प्रशासनिक तथा मसलन्दको रकम, भौतिक निर्माण तथा संरचनाको लगायतको रकममा व्यापक अनियमितता गरेको आरोप लगाएका छन्।

प्रअ यादवले विद्यालयको दैनिक कार्य तालिका नबनाएको, विद्यालयको बार्षिक शैक्षिक कार्याक्रम नराखेको, शिक्षक तथा विद्यार्थी विवरणको अभिलेख नराखेको, शिक्षक तथा विद्यार्थी अचार संहीता पालनाको नियम नराखेको लगायतका विद्यालय अस्तव्यस्त बनाउने आधारहरु सो निवेदनमा उल्लेख गरेका छन्।

पूर्व प्रअ यादवले विद्यालय व्यवस्थापन समिति गठन भएपछि अध्यक्षले खाता सञ्चालनकालागि तागेदा गर्दा पनि प्रअ यादवले आफ्नो र विद्यालयबाट जिलान्तर सरुवा भएको शिक्षक रणधिरकुमार यादवको नाममा खाता सञ्चालन गरी विद्यालयको कामकाज गर्दै आएको अरोप समेत लगाएका छन्।

# फरार प्रतिबादी पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । फरार प्रतिबादीको सूचीमा रहेका एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ।



इलाका प्रहरी कार्यालय ढल्केबरबाट खटिएको प्रहरी टोलीले महोत्तरी जिल्ला पशुपतिनगर गाविस-२ बस्ने सुबोध सिंहका छोरा ४५/४६ बर्षिय देव नारायण सिंहलाई बर्दिबासबाट नियन्त्रणमा लिइएको जनाइएको छ।

२०७५ पुस १८ देखि पक्राउको सूचीमा रहेका सिंहलाई आवश्यक कारवाहीकोलागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको छ।


## तपाईको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : वाद विवादबाट बच्नु। |
| मिथून | : प्रतिभा सम्पन्नता। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : नयाँ कार्य हुने। |
| वृश्चिक | : अवसर प्राप्त। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : सुख समृद्धि हुने। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : भ्रमण अवसर हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एमाले सचिवालय बैठक सम्पन्न, सबै प्रदेशको अधिवेशन मिति तोकियो

## मधेश प्रदेशमा असोज ५ र ६ गते

काठमाण्डु । नेकपा (एमाले)ले सबै प्रदेश कमिटीको अधिवेशन गर्ने मिति तोकेको छ । ललितपुर, च्यासलस्थिति पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले प्रदेश कमिटीको सिफारिसको आधारमा सातवटै प्रदेश कमिटीको अधिवेशन गर्ने निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिनुभयो।

उहाँका अनुसार लुम्बिनी प्रदेश भदौ १६ र १७ गते, मधेस प्रदेशको असोज ५ र ६ गते, बागमती प्रदेशको असोज ८ र ९ गते, कर्णाली प्रदेशको असोज १० र ११ गते, कोशी प्रदेशको असोज १२ र १३ गते अधिवेशन गर्ने निर्णय गरिएको छ।

पार्टीले गण्डकी प्रदेशको असोज १५ र १६ गते, उपत्यका विशेष प्रदेशको असोज १९ र २० गते र सुदूरपश्चिम प्रदेश असोज २१ र २२ गते अधिवेशन गर्ने निर्णय गरेको उपमहासचिव ज्ञवालीले जानकारी दिनुभयो। उहाँका अनुसार पार्टीले प्रदेश अधिवेशनका लागि प्रतिनिधि चयन स्थानीय तहबाट हुने र अधिवेशनका लागि ४० वर्षमुनिका युवालाई प्रतिनिधि बनाउने निर्णय गरेको छ।

उपमहासचिव ज्ञवालीले पार्टीले युवाको सहभागितालाई तल्लो तहबाट नै विस्तार गर्ने योजनाअनुसार नै प्रतिशत छुट्टाइको बैठकले निर्णय गरेको बताउनुभयो। उहाँका अनुसार वडा र टोलमा ४० वर्ष मुनिका एक तिहाइ युवाहरु अनिवार्य र पालिका तहमा न्यूनतम २० प्रतिशत युवा, जिल्लामा १५ प्रतिशत र प्रदेशमा १० प्रतिशत युवालाई सहभागिता गराउने निर्णय गरेको छ। बैठकले केन्द्रीय कमिटी सदस्यमा छक्कबहादुर लामा र केदार न्यौपानेलाई मनोनित गर्ने निर्णय गरेको उहाँले बताउनुभयो।

सुदूरपश्चिम प्रदेशका शङ्करदत्त जोशी र बागमती प्रदेशका सूर्य शर्मालाई केन्द्रीय सल्लाहकार परिषद्मा मनोनित गर्ने निर्णय गरेको छ। सङ्गठन विभागको सचिवमा माधव ढुङ्गेललाई मनोनित गर्ने निर्णय गरेको छ।

**युवा सङ्घको अधिवेशनबारे छानबिन समिति**

यस्तै राष्ट्रिय युवा सङ्घ नेपालको कञ्चनपुर जिल्ला अधिवेशनका सन्दर्भमा भएको गतिविधिबारे छानबिन गर्न पार्टी उपाध्यक्ष युवराज ज्ञवालीको संयोजकत्वमा तीन सदस्य छानबिन समिति गठन गरेको छ।

अधिवेशनमा भएका गतिविधि चिन्ताजनक र पार्टी पार्टी र युवा सङ्घको मर्यादालाई नसुहाउने खालका गतिविधि भएकाले त्यस सम्बन्धमा आवश्यक छानबिन गरी समस्या समाधान गर्न छानबिन समिति गठन गरिएको उहाँले बताउनुभयो।

> पार्टी उपाध्यक्ष ज्ञवालीको संयोजकत्वमा गठित छानबिन समितिको सदस्यमा जनसम्पर्क सङ्गठन समन्वय समितिका संयोजक भानुभक्त ढकाल, पोलिटब्युरो सदस्य ज्वालाकुमार शाह सदस्य रहेको तीन सदस्य छानबिन समिति गठन गरिएको उमहासचिव ज्ञवालीले बताउनुभयो । समितिलाई छानबिन र समाधानको सबै जिम्मेवारी निर्णय गरेको छ ।

पार्टी उपाध्यक्ष ज्ञवालीको संयोजकत्वमा गठित छानबिन समितिको सदस्यमा जनसम्पर्क सङ्गठन समन्वय समितिका संयोजक भानुभक्त ढकाल, पोलिटब्युरो सदस्य ज्वालाकुमार शाह सदस्य रहेको तीन सदस्य छानबिन समिति गठन गरिएको उमहासचिव ज्ञवालीले बताउनुभयो । समितिलाई छानबिन र समाधानको सबै जिम्मेवारी निर्णय गरेको छ।

**सुन तस्करका सम्बन्धमा उच्चस्तरीय समिति गठन**

यस्तै बैठकले सुन तस्करका सम्बन्धमा उच्चस्तरीय न्यायिक छानबिन बन्नुपर्ने निर्णय गरेको उपमहासचिव ज्ञवालीले बताउनुभयो । "जतिदिन ढिलो हुँदैछ। त्यति नै प्रमाण नष्ट हुने गरेको छ। सिआइवीले गोदाम खान तलास गर्दछ । त्यहाँ कारखाना भेटिन्छु तर सुन भेटिँदैन । मान्छेहरु प्रहार भएका छन् । प्रमाण नष्ट हुने स्थिति बन्दै गइरहेको हुनाले उच्चस्तरीय न्यायिक छानबिन गर्नुपर्दछ", उहाँले भन्नुभयो, "जैरसम्म पुगेर यो विषयलाई निर्मूल गरिनुपर्दछ।"

नेपाललाई ट्रान्जिट बनाएर सुन तस्कर भइरहेको भन्दै उहाँले राष्ट्रिय सुरक्षालाई चुनौती दिएको छ । सरकारले सुन तस्करमा छानबिन गर्न आलटाल गरिरहेको भन्दै उच्चस्तरीय छानबिनको माग राख्ने सांसदलाई थुनामा राख्नेजस्ता कार्यले गरिरहेको उहाँले बताउनुभयो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले सुन तस्करमा नाम किटान गरेको अवस्थामा पनि सरकारले छानबिनको दायरामा नल्याउने, दबाब र प्रवाहको आधारमा मात्र छानबिन गरिरहेको उमहासचिव ज्ञवालीले बताउनुभयो।

बैठकले एमालेले बाढीपहिराले गर्दा क्षति भएको र उक्त क्षतिका सम्बन्धमा तत्काल पीडितलाई रातह उपलब्ध गराउन सरकारसँग माग गरेको छ । उहाँले सरकारले उद्धार, राहत र पुनःस्थापनाका कार्यक्रम सञ्चालन गर्नसमेत माग गर्नुभयो। रासस

# वास्तविक प्रतिवादी नपाइएपछि डा यादवलाई छाडियो : सिआइबी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीले महोत्तरीका डा रञ्जितकुमार यादव नक्कली शैक्षिक प्रमाणपत्र कीर्तेका वास्तविक प्रतिवादी नभएको पाइएपछि छाडिएको स्पष्ट पारेको छ।

सिआइबीका प्रहरी उपरीक्षक नवराज अधिकारीले नेपाल मेडिकल काउन्सिलबाट आएको पत्रका आधारमा डा यादव वास्तविक प्रतिवादी नभएको पाइएपछि छाडिएको जानकारी दिनुभयो।

सिआइबीले सोमबार एक विज्ञप्ति जारी गरी भनेको छ, "नेपाल मेडिकल काउन्सिल, बाँसबारीको पत्रमार्फत रञ्जितकुमार यादवको प्रमाणपत्रको प्रतिलिपि माग हुँदा यस काउन्सिलमा दर्ता भएका चिकित्सक रञ्जितकुमार यादवको दर्ता प्रमाण पत्र र आवेदन फाराम भुलबस संलग्न हुन गएको कुरा अभिलेखबाट देखिएको जानकारी गराउँदछु भन्नेसमेत बेहोराको प्राप्त पत्र र प्रमाण कागजातअनुसार हाल पक्राउ परेका डा रञ्जितकुमार यादव वास्तविक प्रतिवादी नभएको यकीन हुन आएको हुँदा निजलाई प्रस्तुत कसुरको अनुसन्धानका लागि हिरासतमा राखीराख्न आवश्यक नदेखिएकाले जिम्मा जमानीमा छाडिएको छ।"

सिआइबीले डा यादवलाई लिखतसम्बन्धी कसुर मुद्दाको अनुसन्धानका क्रममा यही साउन २५ गते भक्तपुरबाट पक्राउ गरेको थियो। सिआइबीले काठमाडौँ जिल्ला अदालतबाट जरुरी पक्राउ पुर्जी स्वीकृति गरी पक्राउ मितिबाट लागू हुने गरी प्रथम पटक पाँच दिनको म्याद थप गरी हिरासतमा राखी अनुसन्धान थालेको थियो।

यसअघि सिआइबीले नियन्त्रणमा लिएका सांसद सुनिल शर्मा पनि जिल्ला अदालतको आदेशले रिहाइ भइसक्नुभएको छ। सिआइबीले नक्कली शैक्षिक प्रमाणपत्र कीर्ते गरेको आरोपमा अन्य छ चिकित्सकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**सबैला, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## पोखरी ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको ७ दिने सुचना

**दोस्रो पटक प्रकाशित मिति २०८०/०४/२९ गते**

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको पोखरीहरुबाट आन्तरिक आय संकलन प्रयोजनार्थ सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्नु भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८०/०५/०३ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कवुल अंकको १०% (दस प्रतिशत) रकम सबैला नगरपालिका स्थित एन.आई.सी. एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु १०।- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगरकार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहुन् र सो सिलबन्दी दरभाउपत्रहरु सोही दिन अर्थात मिति २०८०/०५/०४ गते दिनको २:०० बजे खोलिने छ । दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ। तोकिएको समयमा उपस्थित नभए पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सर्वसाधारणलाई जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :**

१. यो सुचना दोस्रो पटक प्रकाशित मितिले ०७ (सात) दिन २०८०/०५/०३ गते भित्र रु १०००।- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ। दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिक्ता प्रमाण - पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ।

२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा बर्ष ३ (तिन) को हुनेछ।

३. तल उल्लेखित पोखरीहरुको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ। नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ।

| आय ठेक्का नं. | पोखरीको नाम | पोखरी रहेको स्थान | ३ (तिन) बर्षको न्युनतम मोल | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १/ ०८०/०८१ | पोखरी नं. २ (दुर्योधन पोखरी) | सबैला न.पा. ४, पटेर्वा | ३,००,३००।- | पोखरी ठेक्का |
| २/०८०/०८१ | पोखरी नं. ४ (कोठिया सडक देखी दक्षिण पोखरी) | सबैला न.पा. ४, पटेर्वा | १,९८,०००।- | पोखरी ठेक्का |
| ३/०८०/०८१ | पोखरी नं. ५ (कोठिया सडक छेव वाला पोखरी) | सबैला न.पा. ४, पटेर्वा | १,६८,०००।- | पोखरी ठेक्का |
| ४/०८०/०८१ | दह पोखरी नं. १ | सबैला न.पा. ४, पटेर्वा | २,४८,१६०।- | पोखरी ठेक्का |
| ५/०८०/०८१ | दह पोखरी नं. २ | सबैला न.पा. ४, पटेर्वा | २,३५,७२५। - | पोखरी ठेक्का |
| ६/०८०/०८१ | दह पोखरी नं. ३ | सबैला न.पा. ४, पटेर्वा | २,१५,१००। - | पोखरी ठेक्का |
| ७/०८०/०८१ | दह पोखरी नं. ४ | सबैला न.पा. ४, पटेर्वा | १,२८,५००। - | पोखरी ठेक्का |
| ८/०८०/०८१ | दह पोखरी नं. ५ | सबैला न.पा. ४, पटेर्वा | १,६९,२९०। - | पोखरी ठेक्का |
| ९/०८०/०८१ | मटही नेवतिया पोखरी | सबैला न.पा. ७, मटही | १०,२५,०००। - | पोखरी ठेक्का |
| १०/०८०/०८१ | नवटोली पोखरी | सबैला न.पा. ७, नवटोली | १३,५६,०००। - | पोखरी ठेक्का |
| ११/०८०/०८१ | स्थान पोखरी, नर्ही पोखरी, गोर्काही पोखरी, धोवियाही पोखरी | सबैला न.पा. ९, सतोषर | ७५,००,०००। - | पोखरी ठेक्का |
| १२/०८०/०८१ | विष्णु बाँध र डोरा पोखरी | सबैला न.पा. ९, सतोषर | १५,००,०००। - | पोखरी ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।

५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।

६. न.पा. को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न.पा.को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन्।

७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरुपले पालन गर्नु पर्नेछ।

८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदारले स्वयंले नै तिर्नु पर्नेछ।

९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ।

१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिलान हुनेछ।

११. हालको अवस्थामा रहेका पोखरीहरुको आकार र स्वरुपमा न. पा. को स्वीकृती विना परिवर्तन गर्न पाइने छैन्।

१२. पोखरीको क्षेत्र भित्र विक्री गर्ने माछा, मासु, अण्डा, आदिबाट, निस्केको आन्द्रा भुडि, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।

१३. नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन।

१४. किस्ताको हकमा बार्षिक किस्ता हुनेछ। ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ३० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ, अर्को दोस्रो किस्ता ३० प्रतिशत रकम २०८१ अषाढ महिना भित्र बुझाउनु पर्नेछ तथा अन्तिम किस्ता बाँकी ४० प्रतिशत रकम मिति २०८२ अषढ महिना भित्र बुझाउनु पर्ने छ। नबुझाएको खण्डमा ठेक्का बदरगरी अर्को व्यवस्था भइजानेछ।

१५. ठेक्का सदर भएको ७ (सात) दिन भित्र पहिलो किस्ता बुझाई सके पछी चलनपुर्जी दिईनेछ। सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ।

१६. म्याद नाधी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।

१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ।

१८. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।

१९. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**


# कालो पट्टी बाँधेर संघर्षमा



**टुडे समाचारदाता**

राजविराज । लामो समय देखि रोकिएको बढुवा प्रकृया शुरु गर्न मांग गर्दै २ दिन देखि हातमा कालो पट्टी बाँधेर काम गर्दै आएका जिल्ला खेलकुद विकास समिति सप्तरीका प्रशासनिक तथा प्राविधिक कर्मचारीहरुले सोमवार पनि यसलाई निरन्तरता दिएका छन्।

लामो समय देखि रोकिएको बढुवा प्रकृया यथाशिघ्र अगाडि बढाउन राष्ट्रिय खेलकुद परिषद् कर्मचारी संघले यूवा तथा खेलकुद मन्त्रालयलाई पटक/पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि कुनै चासो नदेखाएकाले बाध्य भई चरणबद्ध रुपमा विरोधको कार्यक्रम सार्वजनिक गरि आन्दोलनमा उत्रिनु परेको मधेश प्रदेश खेलकुद कर्मचारी संघका उपाध्यक्ष समेत रहेका प्रशिक्षक उमेश गुरुङ्गले बताए । उनका अनुसार विगत १९ वर्ष देखि बढ्वा प्रकृया रोकिएको छ। जिल्ला खेलकुद कर्मचारी संघका अध्यक्ष संजय जोशीका अनुसार केन्द्रीयस्तर बाट घोषित आन्दोलन कार्यक्रम अनुसार साउन २८ देखी ३० सम्म कालो पट्टी बाँधेर कार्यालयको काम गर्ने र साउन ३१ गते १ घण्टा पेन डाउन गर्ने कार्यक्रम तय भएको छ। यस्तै साउन ३२ गते देखि कालो पट्टी बाँधेर काम गर्नूका साथै २ घण्टा पेन डाउन गरी विरोध जनाउने संर्घषका कार्यक्रम रहेको छ।

राष्ट्रिय खेलकुद परिषद् तथा मातहतका जिल्ला खेलकुद विकास समितीमा कार्यरत रहेका प्रशिक्षक तथा प्राविधिक कर्मचारीहरुको १९ वर्ष देखि बढुवा नभई संस्थागत रुपमा नै ठूलो समस्या सिर्जना भइरहेको र सोही कारणले खेलाडी तथा प्रशिक्षकहरु समेत पलायन भई रहेकाले संघर्षको बाटो रोज्नु परेको खेलकुद कर्मचारी संघ सप्तरीले जनाएको छ।

# रक्तदान कार्यक्रम संपन्न



**टुडे समाचारदाता**


गौर । सामुदायिक तथा बाल विकास केन्द्र रौतहटको सहयोग तथा परोहा नगरपालिकाको आयोजनामा एक दिवसीय बृहद रक्तदान कार्यक्रम सोमवार परोहा अस्पताल लौकहामा सम्पन भएको छ । जिल्लामा रहेका स्वास्थ्य केन्द्रहरुमा विरामीलाइ रगतको अभाव हुन नदिने उदेश्यले बृहद रक्तदान कार्यक्रम नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रौतहटको प्राविधिक सहयोगमा आयोजना गरिएको थियो।

रक्तदान कार्यक्रममा नगरपालिकाका कर्मचारी ,स्थानीय गरी ६२ जनाले रक्तदान गरेको आयोजक सस्था परोहा नगरपालिकाका निमित प्रमुख प्रशासकीय अधिकृत इंजिनियर दीपेन्द्र यादवले बताएका छन । रक्तदान पछि सम्वोधन गर्दै नगर प्रमुख शेख वकीलले उपचारको क्रममा रगत आभाव भएको कुरा व्यापक रुपमा सुनिनमा आएकोले सहज रुपमा विरामीलाइ रगत उपलब्ध होस भन्ने चाहनाले रक्तदान कार्यक्रमको आयोजना गरिएको बताएका छन । संकलित रगत ब्लड बैंकमा राखिने भएकोले गर्भवती महिला तथा दुर्घटनामा परेका व्यक्तिलाई फायदा पुग्ने विस्वास समेत व्यक्त गरे । समस्या परेको बेलामा रगत नपाएर कतिपय सुत्केरी महिलाको ज्यांन गएको दुखद खबर सुनेको बताउँदै अव रगत आभावले कुनै पनि बिरामीको ज्यान नजोस भने कामना गरे । रक्तदान कार्यक्रममा स्थानीय मो कफील अंजुम ,ओमलोक पटेल ,मोहमद इरफान , इंजिनियर सरोज पटेल , कृष्णकांत पटेल , शैलेन्द्र यादव , श्रीशेष यादव , पवन यादव , मोहमद मुस्तुफा , अभिमन्यु सहनी, आएसा खातून , मोहमद समसुल , समसुदीन रहमी , साहिन्द्र पटेल , अरुण यादव प्राध्यानध्यापक , अनिल दवेदी सहितले आ आफनो रगत दान गरेका छन।

# एनसेलद्वारा थप ३३८ नयाँ मोबाइल टावर जडान

**टुडे समाचारदाता**

काठमाण्डु। एनसेल आजियाटा लिमिटेडले देशका विभिन्न नयाँ ठाउँहरुमा आफ्नो सेवा विस्तार र गुणस्तरलाई थप सुधार गर्दै ३३८ नयाँ बेस ट्रान्ससिभर स्टेशन (बीटीएस) अर्थात मोबाइल टावरहरु जडान गरेको छ। यी टावरहरु गत आर्थिक वर्ष २०७९/८० मा कम्पनीको सेवा विस्तार तथा सुधार अभियानअन्तर्गत जडान गरिएका हुन्।




फोरजी सेवाको पहुँचबाट स्थानियलाई लाभ प्रदान गर्न पहिलो पटक सेवा विस्तार गरिएका नयाँ स्थानहरुमा हिमाली, पहाडी र तराई भेगका ५५ ग्रामीण तथा दुर्गम ठाउँहरू पर्दछन् । यसरी पहिलो पटक फोरजी सेवा विस्तार गरिएका नयाँ स्थानहरुमा उत्तरगया गाउँपालिका (रसुवा), ठाटीकाँध गाउँपालिका (दैलेख), दुर्गाथली गाउँपालिका (बझाङ), जन्तेढुङ्गा गाउँपालिका (खोटाङ) का ग्रामिण इलाकाहरु, र इनरुवा नगरपालिकाका नयाँ स्थानहरु लगायतका ठाउँहरु पर्दछन्।


गत आवमा नै एनसेलले आफुले प्रदान गर्दै आएको सेवाको गुणस्तर सुधार र ग्राहकको सेवा अनुभव अभिवृद्धि गर्न २८३ नयाँ टावरहरु जडान गरेको छ। यी मोबाइल टावरहरु सातै प्रदेशका ५० भन्दा बढी जिल्लामा जडान गरिएको थियो। लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश, कोशी प्रदेश, मधेश प्रदेशलगायतका स्थानमा अधिकांश साइट जडान भएका छन्।

एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने, "एनसेलका लागि सबैभन्दा महत्वपूर्ण पक्ष भनेको नेपालभर एउटा राम्रो दूरसञ्चार नेटवर्क निर्माण गर्नु हो। हामीले डिजिटल नेपालको परिकल्पनामा योगदान गर्न आधारभूत मोबाइल र उच्च गतिको मोबाइल ब्रोडब्यान्ड कनेक्टिभिटीमा पहुँच सुनिश्चित गर्दै देशका विभिन्न भागका दुर्गम र क्षेत्रहरूलाई हाम्रो सेवाले जोडेका छौं। आफ्नो नेटवर्क मार्फत हरेक नेपालीलाई जोड्ने हाम्रो लक्ष्यमा हामी प्रतिबद्ध छौं। उच्च गुणस्तरीय आधुनिक सेवाहरू प्रदान गर्दै हाम्रा ग्राहकहरु र साझेदारहरूलाई यसको लाभ प्रदान गर्न हामी निरन्तर काम गरिहेका छौं।"

एनसेलले फोरजी क्षमता अभिवृद्धि गर्दै गत आवमा विभिन्न ६० जिल्लाका झण्डै १,४५० मोबाइल टावरहरुको स्तरोन्नती पनि गरेको छ। यसरी स्तरोन्नती गरिएका टावहरुहरु मध्ये ७८० भन्दा बढि विभिन्न नगरपालिकामा स्थापना गएिका टावरहरु पर्दछन्। त्यसैगरी गाउँपालिका स्तरमा जडित ४४० बढि टावरहरुको स्तरोन्नती गरिएको छ। यसबाहेक, एनसेलले देशका विभिन्न महानगरपालिका र उप-महानगरपालिकामा रहेका आफ्ना टावहरुको स्तरोन्नती गर्दै फोरजीको क्षमता अभिवृद्धि गरेको छ।

ग्राहकहरुलाई फोरजी अन्तर्गत उच्चगतिको मोबाइल ब्रोडब्याण्ड र भ्वाइस ओभर लङ्ग टर्म इभोलुसन (भोल्टे) सेवामा पहुँच सुनिश्चित गर्न देशभरी एनसेलको ४,००० भन्दा बढि फोरजी टावरहरु संचालनमा रहेका छन्। फोरजी नेटवर्कको विस्तार र क्षमता अभिवृद्धिले मोबाइल ब्रोडब्यान्ड सेवामा पहुँच बढाएर सरकारको डिजिटल नेपाल फ्रेमवर्कको आकांक्षाहरू पूरा गर्न योगदान पुर्‍याउँछ।

- ५५ थप गाँउपालिकाका ग्रामिण भेगहरुमा सेवा विस्तार
- सेवाको गुणस्तर सुधार गर्दै २८३ नयाँ साइट संचालनमा
- फोरजी क्षमता अभिवृद्धि गर्न झण्डै १,४५० साइटको स्तरोन्नती



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# सचेत हुनु जरुरी

कोसीको जलस्तर वृद्धिले सिकाएको पाठबाट सिकेर भौतिक विकासको मौलिक ढाँचा नखोज्ने हो भने नियमित विपत्ति अवश्यम्भावी नियति हुने निश्चित छ । कुन कुन राजमार्ग पहिरोले थुनेको छ कसैले भन्नसक्ने अवस्था छैन । कता जमिन भासिएको छ कहाँ पानी जमेको छ भन्ने जानकारी सरकारसँग पनि नहोला । यो वर्ष पनि बाढीपहिरोबाट ठूलै क्षति भइसकेको छ । विशेषगरी सडकहरूमा गएको पहिरोबाट भयावह क्षति भएको छ । धेरै ठाउँमा मानव बस्ती बाढीका कारण जोखिममा छन् । मनसुनी वर्षाका कारण नदीनाला बढ्नु स्वाभाविकै हो । जलाधार क्षेत्रमा धेरै पानी पर्नेबित्तिकै पहाडी भेगका खहरेहरूमा त बाढी नै आउँछ । नेपालको भौगोलिक अवस्थितिमा यो प्रक्रिया बर्सेनि दोहोरिई नै रहन्छ । यस्तै, जलाधार क्षेत्र लामो भएका तराईका नदी र खोलाहरूमा त झन् बर्षायाममा बाढी आउनु सामान्य र अपेक्षित नै हो । पहाडी भेगका तुलनामा तराईमा बाढीको आयतन ठूलो भए पनि वेग भने कम हुन्छ । परन्तु, अहिले शताब्दीयौंदेखि निरन्तर यो प्राकृतिक चक्र खलबलिन थालेको छ । अनपेक्षित ठाउँमा बाढीपहिरो जान थालेको छ । बेमौसमी वर्षा वा खडेरी सामान्य बन्दैगएको देखिन्छ । मानवीय क्रियाकलापका कारण भएको जलवायु परिवर्तनले प्राकृतिक चक्र यसरी खलबलिएको निष्कर्ष वैज्ञानिकले निकालेका छन् । प्राकृतिक प्रकोपको अवस्था पनि बर्सेनि भयावह हुँदैजाने प्रक्षेपण गरिएको छ । जलवायु परिवर्तनको गति थप तीव्र हुन नदिन विश्वस्तरमा भएका प्रयत्नहरूप्रति विश्वकान सबैभन्दा ठूला प्रदूषकहरू नै गम्भीर देखिँदैनन् । त्यसको असर भने नेपाली जनतासमेतले भोग्नुपरेको छ । चीन, भारत र अमेरिका विश्वकै प्रमुख मुख्य प्रदूषक मानिन्छन् । मूलतः यिनैले गरेको प्रदूषणसमेतका कारण वायुमण्डलमा तापक्रम बढ्दा मौसमी चक्र खलबलिएकाले प्राकृतिक प्रकोपमा वृद्धि भएको मानिन्छ । नेपाललगायत संसारका धेरै देशका जनतालाई यो 'नखाएको विष' लागेको छ । विडम्बना, हामी न प्रदूषकलाई दण्ड दिन सक्छौँ न त तिनका कारण उत्पन्न प्राकृतिक प्रकोपको मारबाट जोगिने सामर्थ्य नै देखिन्छ । यस्तो अवस्थामा नेपालजस्ता देशले बढी सावधानी अपनाएर जलवायु परिवर्तनको असर सहने क्षमता विकास गर्नुपर्ने हो । नेपालका शासकले भने यसको गम्भीरता नै आत्मसात् गरेको देखिएन । यसैले प्राकृतिक प्रकोप नेपालका लागि अब 'नियमित आकस्मिकता' बनेको छ । निकट भविष्यमा यसबाट जोगिन सकिने पनि देखिँदैन । यसैले हाम्रो ध्यान यसको क्षतिबाट जोगिने उपायतर्फ जानुपर्ने हो । विडम्बना, हामीले भने भौतिक विकासका क्रममा प्राकृतिक विनाशलाई थप सजिलो हुने बाटो रोज्न पुगेका छौँ । खहरेमा तटबन्ध, सिञ्चाइका नाममा सिमेन्टको बाँध वा सडक बनाउन पहाड खोतल्ने काम भइरहेको छ। हामीले भौतिक विकासको मौलिक ढाँचा नखोज्दा नियमित विपत्ति अवश्यम्भावी हुँदैगएको हो । कागबेनीको बाढीदेखि कोसीको जलस्तर वृद्धिसम्मले सिकाएको पाठप्रति गम्भीर नभए निकट भविष्यमै भयावह अवस्था सहनुपर्नेछ । यसैले आसन्न विपत्तिबाट जोगिने उपाय अपनाउन शासकका साथै जनता पनि सजग एवं गम्भीर हुनुपर्छ । अन्यथा, यही ढाँचाको विकासबाट हुने उपलब्धि त विपत्ति नै हो ।

# स्वतन्त्रता दिवस र विभाजनको त्रासदी

१४अगस्त र १५ अगस्त । दक्षिण एसियाका दुई प्रमुख देश पाकिस्तान र भारतको स्वतन्त्रता दिवस । ७६ वर्ष पूर्व यिनै दिनहरुमा यी दुई देशहरु ब्रिटिस इन्डियाको उपनिवेशबाट मुक्त भएर दुई स्वतन्त्र राष्ट्रको रुपमा उदाएका थिए । १४ अगस्त अर्थात् यो लेख लेख्ने बेला पाकिस्तानमा विभिन्न समारोहको बिच जश्न ए आजादी (स्वतन्त्रता दिवस) मनाइँदै छ, भने यो प्रकाशित हुने बेला १५ अगस्तको दिन भारतमा भव्य समारोहहरुको बीच भव्य समारोह मनाइँदै गरेको हुनेछ ।

तर भारत होस वा पाकिस्तान, अचेल दुबैतिर स्वतन्त्रता दिवसका समारोहहरु खुशियाली मनाउनु भन्दापनि एक अर्का सामू शक्ति प्रदर्शन गर्ने मौकामा परिणत भइसकेका छन् । वस्तुतः १४ र १५ अगस्त १९४७मा स्वतन्त्र भएका यी दूई देशहरु बीच स्वतन्त्रभएको दिन देखि नै शुरुभएको एक अर्काप्रतिको कटुता तथा शत्रुवत् व्यवहार झन् झन् तिव्र हुँदै गएको छ । यी दुई देशहरुको स्वतन्त्रता उनिहरुको निम्ती गर्वको विषय भएपनि, यी दिवसहरु, साझा इतिहास भएको तथा ब्रिटिस साम्राज्यवादसंग काँधमा काँध मिलाएर दुईसय वर्षभन्दा बढी संघर्ष गरेर प्राप्त साझा स्वतन्त्रताको उपभोग र गर्व गर्ने बेला एउटा देश विभाजित भएर धार्मिक द्वन्द्वमा मानवीयता लज्जित भएको विभाजनको दंशको निरन्तरताको स्मरण दिवसपनि हो ।


ब्रिटिस भारतमा हिन्दु र मुस्लिमबीचको साम्प्रदायिक दंगाहरु नयाँ थिएनन् । तर औपनिवेशिक दासताबाट मुक्तिको निम्ती ब्रिटिस साम्राज्यवादी शाासकहरुसंग को साझा संघर्षहरुले यी धार्मिक दूरीलाई घटाउँदै लगेको थियो । यो तत्कालीन ब्रिटिस साम्राज्यवादीहरुको कुटिलता नै थियो कि, तत्कालीन राजनीतिक दलहरु तथा राजनीतिक सम्झौताहरुमा एकातिर हिन्दुहरुमा मुस्लिम समुदायलाई अल्पसंख्यकको नाममा बढी संरक्षण र अधिकार दिइएको, तथा मुस्लिमहरुमा हिन्दु बहुसंख्यकताको भय उत्पन्न गराइयो । यसै कारण स्वतन्त्रतापछि भारतका बहुसंख्यक श्रमजीविवर्गले अधिकार पाउँछन् वा पाउँदैन, नयाँ र स्वतन्त्र परिवेशमा श्रमजीविवर्गको सहभागिताको स्थिति के हो, समग्रमा नयाँ परिवेशमा लोकतन्त्र वा जनवादको स्वरुप के हुने जस्ता मूख्यतः जनवादी र मानवीय सरोकारको साटो धार्मिक आधारमा बाँड बखडा र हिस्सेदारी अहम् हुँदै गयो । र एउटा साझा देश धर्मको आधारमा विभाजित भयो ।

यो विभाजन कतिसम्म त्रासदीयुक्त थियो, स्वतन्त्रताप्राप्तिको भोलीपल्टदेखी पाकिस्तान र भारत दुबै तर्फ धार्मिक दंगा फैलियो । एकदिन पहिलासम्म गहिरो मित्र रहेका दुई सम्प्रदायका मानिसहरु एक अर्काका शत्रुमा परिणत भए । पाकिस्तानबाट आउने रेलगाडीहरुमा हिन्दुहरुका लास भरिएका हुन्थे भने, भारतबाट पाकिस्तान जाने रेलगाडीका बोगीहरुमा मुस्लिमहरुका लास हुने गर्थे । १९४७मा भएको भारत र पाकिस्तानको यो विभाजन मानव इतिहासमै यस्तो अमानवीय त्रासदी हो, जस्मा धर्मको नाममा दसलाखभन्दा बढी मानिसहरु मारिएका थिए । लाखौं महिलाको बलात्कार, अपहरण र हत्या भएको थियो । यसरी नै ब्रिटिस इन्डियाबाट भारत र पाकिस्तानले प्राप्त गरेको यो स्वतन्त्रता मानव इतिहासमा सबैभन्दा ठूलो मानव समुदायको प्रवासनपनि थियो । त्यतिबेला एक करोडभन्दा बढी मानिसहरु पाकिस्तानबाट भारत र भारतबाट पाकिस्तान धार्मिक सुरक्षाको दृष्टिले पलायन गरेका थिए ।

यस स्वतन्त्रता र विभाजनको विचित्रको कथामा प्रत्यक्षमा त एकातिर काँग्रेस र मुस्लिम लीग राजनीतिक रुपमा दुई पक्षको रुपमा देखिएका थिए, भने अर्कोतिर धार्मिक अस्तित्वको रक्षाको नाममा अर्धराजनीतिक चरित्रका हिन्दु र मुस्लिमका साम्प्रदायिक अगुआ संगठनको रुपमा हिन्दु महासभा र मुस्लिम लीग लगायतका संगठनहरु समुदायलाई उत्तेजित पारिरहेका थिए । यर्थाथमा ब्रिटिस साम्राज्यवादीहरु आफ्नो विरोधमा उत्रेकाहरुलाई आपसमा शत्रुवत् स्थायी मनोभावमा राखेर दुईवटा कमजोर देशहरु जन्माएर पछिको निम्ती आफ्नो स्पेस राख्न चाहन्थे । त्यसैले उनिहरु प्रत्यक्षमा राजनीतिक पार्टीहरुसंग गतिविधि गरिराखेपनि अप्रत्यक्षमा साम्प्रदायिक शक्तिहरुलाई उक्साई रहेका थिए र साम्प्रदायिक आशंका र कटुता जन्माउने प्रयत्न धेरै पहिलेदेखी गरिरहेका थिए । उनिहरु एकातिर मुस्लिमहरुमा अल्पसंख्यक हुनुको भय उत्पन्न गराईरहेका थिए भने अर्कोतिर हिन्दुहरुमा बहुसंख्यक हुनुको गर्व र एकल वर्चस्वको भाव भरीरहेका थिए । यसले उपनिवेशवादी साम्राज्यवादी सामान्य प्रकृतिका थिए । तर भारत र पाकिस्तानको विभाजनको आधार धार्मिक कटुताको भएको हुनाले दुई देश बीच स्थायी शत्रुताको कारक बनेको छ । कुनै बेला यी दुई समुदायहरु इतिहास र वर्तमानमा साझा समानताको खोजी गरेर साम्प्रदायिक सद्भाव र सहिष्णुताको दर्शन गढी रहेका हुन्थे । तर यी दुईदेशको कूटनैतिक कटुता कतिसम्म चरम छ भने भारत र पाकिस्तान बीच विगतमा दुईवटा युद्ध समेत भैसकेको छ, भने हमेशा युद्धको आशंका कायम नै रहन्छ ।

कुनै बेला प्रगतिशील र जनवादी एजेन्डाहरुमाथी आधारित राजनीति प्रमुख भएका यी दुई देशहरुमा अब राजनीति, अर्थ, बजार र सँस्कृति सबैको आधार धर्मलाई बनाइँदै छ । पाकिस्तान त धार्मिक आधारमा गठित देश नै हो, अचेल केही वर्षदेखी धर्मनिरपेक्ष भारतमा समेत धार्मिक संकीर्णता बढदै गै रहेको छ । धर्म र राजनीतिको गठजोड कति घातक हुनसक्छ, भन्ने कुरा यी दुई देशको स्वतन्त्रतासंग जोडिएको धार्मिक त्रासद सन्दर्भबाट शिक्षा लिन सकिन्छ ।

राजनीति होस वा साँस्कृतिक, दक्षिण एसियाका देशहरु ऐतिहासिकरुपमा एक अर्कासंग अन्तर्सम्बन्धित छन् । अझ अब त वैश्विक सञ्जालहरुका कारणपनि कूटनीतिक र अर्थ राजनीतिकरुपमा समेत एक अर्काका निकट छन् । यस्तोमा भारत र पाकिस्तानबीचको बढदै गएको देखिन्छ । कतिसम्म भने त्यहाँपनि हिन्दु राष्ट्रको माँग खुलेआम उठाउन थालिएको छ । यस्को अर्थ हो अब भारत पनि धार्मिक फासीवादतर्फ बढदै गै रहेको छ । अब भारतमा पनि राजनीतिक र सामाजिकस्तरमा समेत धार्मिक द्वन्द्व बढदै गै रहेको छ । हुन त भारतमा स्वतन्त्रताको शुरुआत मै साम्प्रदायिक तत्वहरुबाट भएको महात्मा गान्धीको हत्याले भारतीय लोकतन्त्रलाई घाइते बनाएको इतिहास नै छ । तर पनि भारत स्वतन्त्र हुँदा धर्मनिरपेक्षता, धार्मिक सहिष्णुता र साम्प्रदायिक र साँस्कृतिक सहिष्णुताका एतिहासिक व्याख्याहरु भारतीय लोकतान्त्रिक राजनीतिका आधारहरु थिए । तर नवसाम्राज्यवादी अर्थ राजनीति र साँस्कृतिकताले जसरी धर्मलाई राजनीति र बजारको भऱ्याङ्ग बनाउने अवसर जुटाउँदै गएको छ, राजनीतिक पार्टीहरुले भोट बैंकको निम्ती धार्मिक संकीर्णताको खुलेआम प्रयोग गर्न थालेका छन् । यसैको परिणाम हो वर्तमान राजनीतिमा व्यापारी र बाहुबलीसंगै बाबाजी र मुल्ला मोलवीहरुपनि प्रभावशाली बन्दै गैरहेका छन् । यसले जनसमुदायका जनजीवनसंग जोडिएको सबै विषयलाई ओझेल पार्छ र आफ्नो धर्मलाई श्रेष्ठ र अर्कोलाई तुच्छ सम्झन्छ ; र आफ्नो बहुलता भएको क्षेत्रमा आफ्नो बहुआयामिक वर्चस्व कायम राख्न खोज्छ । यस्को सम्बन्ध राजनीतिसंग हुन्छ, त्यसैले यस नीतिलाई राजनीतिक संरक्षणपनि प्राप्त हुन्छ र अन्य



रोशन जनकपुरी

> “ भारतसंगको हाम्रो सम्बन्धको निकटता राजनीतिक तथा सामाजिक दुबै स्तरमा छ । कुनैबेला भारतीय राजनीतिका प्रगतिशील र सहिष्णु साँस्कृतिकताले प्रभावित गरेको थियो, भने अहिलेको उष्ण र संकीर्ण धार्मिकताको कूटनीतिक प्रभावपनि नेपाली समाज र राजनीतिमा देखिन थालेको छ । यसप्रति सचेत हुनु आवश्यक छ ।

ब्रिटिस विरुद्ध काँधमा काँध मिलाएर साझा लडाईं लडेको तथा दुबै धर्मका साझा अन्तर्वस्तु तथा साझा साँस्कृतिकताका सहिष्णु भावहरुपनि धुमिल हुँदै गए । बच्यो भने एक मात्र संकीर्ण धार्मिक उन्माद ।

यसै कारण जब भारत र पाकिस्तान बन्यो, त्यतिबेला विभाजनको आधारहरुमा भाषा र संस्कृति आदि समुदायको साँस्कृतिक आधारभूत विषयहरु ओझेलमा पारियो र एकमात्र धर्मको आधारमा विभाजन गरियो । यो विभाजन कतिसम्म मूढ र अव्यवहारिक थियो भने भारतको पश्चिममा पर्ने मुस्लिम बहुल क्षेत्रसंगै भारतको पूर्वमा पर्ने मुस्लिम बहुल क्षेत्रमा समेत राखियो, जो क्षेत्र भौगोलिक आधारमा कतैबाट जोडिएको थिएन । सम्बोधन गर्दा पश्चिम पाकिस्तान र पूर्वी पाकिस्तान भनियो । पूर्वी पाकिस्तान धार्मिक रुपमा मुस्लिम बहुल भएपनि भाषिक र साँस्कृतिकरुपमा बंगाली बहुल थियो, र अन्ततः यो क्षेत्र बंगालीभाषीहरुको राजनीतिक संघर्ष र भारतीय सहयोगमा पाकिस्तानबाट अलग्गिएर बाँग्लादेशको रुपमा स्वतन्त्र देश बन्यो ।

ब्रिटिस इन्डियाको उपनिवेशबाट सन् १९१९मा श्रीलंका र १९३५मा म्याँमार (तत्कालीन बर्मा)पनि विभाजित भएको थियो । तर यी विभाजनहरुको आधार भौगोलिक थियो । यसैकारण यी विभाजनहरु स्थायी शत्रुताले कूटनीतिक रुपमा यस क्षेत्रका सबै देशलाई प्रभावित पारीरहेको छ । यसै कारण दक्षिण एसियामा सामरिक असुरक्षा र असन्तुलनको स्थितिपनि हमेशा सम्वेदनशील रहन्छ । दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)जस्ता क्षेत्रीय मित्रताका संगठनहरु चिस्सिएको स्थितिमा हुनु यसैको परिणाम हो ।

दक्षिण एसियाका यी दुई देशहरु बीचको मित्रवत् सम्बन्ध यी दुईको निम्ती हितकर त छँदैछ, यस क्षेत्रका देशहरुको साझा विकासको निम्तीपनि हितकर छ । हुन त वर्तमानमा दुई देशबीचको सम्बन्ध अत्यन्त कटुतापूर्ण छ, तरपनि यस क्षेत्रका अन्य देशहरुले शत्रुता हटाउनका निम्ती साझा कूटनीतिक पहल लिनुपर्ने आवश्यकता देखिन्छ ।

वर्तमानमा पाकिस्तान र भारत दुबैमा धार्मिक चरित्रका राजनीतिक दलहरु सत्तामा छन् । यी दुबै देशमा धार्मिक उन्मादको स्तर यति चरम कि राष्ट्रियताको परिभाषा समेत धार्मिक परिचयको रुपमा परिभाषित गरिन्छ । पाकिस्तानको गठन नै इस्लाममा आधारित हो । यद्यपि त्यहाँ गैरमुस्लिमप्रति हुने विभेदप्रति विश्वभरीका प्रगतिशील तथा मानवअधिकारवादीहरुले आलोचना र विरोध गर्दै आएका हुन् । तर केही वर्षदेखी धर्मनिरपेक्ष भारतमापनि संकीर्ण धार्मिकता धर्मावलम्बीहरु निरीह हुने गर्छन् । धार्मिक फासीवाद भनेको यही हो ।

भारत र पाकिस्तानबीचको द्वन्द्वले क्षेत्रीयस्तरलाई प्रभावित गर्छ भन्ने कुरा माथी नै भनियो । अर्थ राजनीतिक तथा साँस्कृतिकरुपमा भारत हाम्रो सबैभन्दा निकटको छिमेकी र मित्र देश हो । त्यसैले त्यहाँका सबै राजनीतिक, साँस्कृतिक र कूटनीतिक प्रभावहरुबाट हामी प्रभावित हुनु स्वाभाविक हो । कतिसम्म भने नेपालका हरेक राजनीति परिवर्तनहरुमा भारतको प्रत्यक्ष अप्रत्यक्ष उपस्थिति रहने गरेको छ । भारतसंगको हाम्रो सम्बन्धको निकटता राजनीतिक तथा सामाजिक दुबै स्तरमा छ । कुनैबेला भारतीय राजनीतिका प्रगतिशील र सहिष्णु साँस्कृतिकताले प्रभावित गरेको थियो, भने अहिलेको उष्ण र संकीर्ण धार्मिकताको कूटनीतिक प्रभावपनि नेपाली समाज र राजनीतिमा देखिन थालेको छ । यसप्रति सचेत हुनु आवश्यक छ । आशा गरौँ, भारतीय समाजमा साँस्कृतिक सहिष्णुता तथा बसुधैव कुटुम्बकम् जस्तो विश्व बन्धुत्वको मानवीय धारा पुनः स्थापित हुनेछ ।

आशा गरौं भारत र पाकिस्तान दुबै बीचको सम्बन्ध मित्रवत् हुनेछ र यस क्षेत्रमा कूटनीतिक सौहार्दता र विकासका नयाँ सम्भावनाका अवसरहरु खुल्ने छन् ।

*दुबै देशलाई स्वतन्त्रताको शुभकामना ।*

# भारतीय स्वतन्त्रता दिवस र मोदीकालमा जम्मू-कश्मीरको आजादी



अनिल तिवारी

भारतीय तिब्र आर्थिक विकासको लहरमा जम्मू कश्मीरका युवाहरु होस्टेमा हौसे गर्दै अगाडि बढेका छन । विगत दिन दशक देखि आतंकवादको कहाली लाग्दो अवस्थाबाट जम्मू-कश्मीरका युवाहरु अहिले आर्थिक विकासमा सहभागी हुने ठुलो अवसर पाएका छन । भारतले आजादीको अमृत महोत्सव मनाइरहेको बेला कश्मीर पनि मोदीकालमा पूर्ण स्वतन्त्राको चौथो बर्षमा प्रवेश गरेको छ । यसलाई मोदी सत्ताको ठुलो उपलब्दीको रुपमा पनि लिन थालिएको छ ।हथियार छाडेर आर्थिककालमा कश्मीरका जनता प्रवेश गरेपछि विदेशी पर्यटनहरुको पनि उपस्थिती उलेख्नीय हुन थालेको छ । भारतीय सविधानको अनुच्छेद ३७० र ३५ ए को खारेजीको चौथो वर्ष मनाउने दिशाको स्तम्भकारले चर्चा गर्न खोजेका हुन । त्यसैले ग्राउन्ड जीरोमा यस कदमको प्रभावको विश्लेषण गर्नु अत्यावश्यक हुन्छ।

महाराज हरि सिंहले १५ अगस्ट १९४७ मा जम्मू-कश्मीरको भारतीय संघसँग विलय गर्ने निर्णय गर्न नसक्दा पाकिस्तानी षडयन्त्रमा त्यहा सघर्ष सुरु गराइएको थियो ।दुई राष्ट्र सिद्धान्तका विचारधाराहरूले अक्टोबर १९४७ मा पाकिस्तानका नियमित सैनिकहरूको सहयोग र समर्थनमा आक्रमणलाई कुटिलतापूर्वक अभियानकै रुपमा चलाइयो ।जसले गर्दा जम्मू कश्मीर अढाइ दशकसम्म ठुलो भयावहताको सिकार बन्यो । ती भयावह परिस्थितिमा भारतीय सुरक्षा बलले अतिवादी आक्रमणकारीहरूको आक्रमणलाई सफलतापूर्वक परास्त गर्दै आयो र स्थितिलाई नियन्त्रणमा लियो, यद्यपि पाकिस्तानले जम्मू-कश्मीरको एक भागमा अवैध कब्जा जारी राखेको छ ।तर राजनैति जटिलताको कारण धारा ३७० विधमान रहेकोले बाहिरि लगानि त्यहा पुग्न सकेन ।

भारत सरकारले २६ अक्टोबर १९४७ मा महाराजा हरि सिंहसँग एकीकरणको दस्तावेजमा हस्ताक्षर गरेपछि मात्र आफ्नो सैन्य बल ल्यायो । धारा ३७० ले यस दस्तावेजमा भएका प्रतिबद्धताहरूको पूर्ति गरेको थियो ।

**भारतीय सविधानको ३७० र यसमा भएको अस्पष्टताको ?**


भारतीय सविधानमा धारा ३७० को समावेश भएदेखि नै यसको उद्देश्य कहिल्यै पनि उप-राष्ट्रवादको प्रजनन गर्नु थिएन, जुन पछि पृथकतावादमा परिणत पनि भयो ।यो धाराको गलत अर्थ पछाडि मृत्यु र विनाशको एउटा ठुलो छाप लगाएको छ ।यो धाराको मुख्य उद्देश्य स्थानीय जनताको क्षेत्रीय आकांक्षालाई सम्बोधन गर्नुका साथैभारतीय राष्ट्र निर्माण परियोजनामा एकीकृत गर्नु थियो ।

स्थानीय अभिजात वर्गले, क्षेत्रीय पहिचानका मुद्दाहरूलाई विशेष रूपमा केहि हदसम्म प्रचार गरे, जसले अपरिहार्य रूपमा स्थानीय जनसंख्यालाई राष्ट्रिय मुख्यधारामा एकीकृत गर्ने प्रक्रियालाई ग्रहण गर्यो र यसैले तिनीहरू बीच नागरिक राष्ट्रवादको विकासलाई पुर्णरुपमा बिराम लगाउने काम पनि गर्यो ।

सविधानको अनुच्छेद ३७० विश्वव्यापीकरण राजनैति अभयासको पूर्वको राजनीतिको परिणाम थियो । यो आधारमा आधारित थियो कि, एक निश्चित कल्पना गरिएको समुदायलाई यसको विशिष्ट ऐतिहासिक चरित्रको संरक्षणका लागि विशेष दर्जा दिनु आवश्यक छ । विश्वव्यापीकरणको युगमा, कुनै क्षेत्र वा राज्यले आफूलाई पुरानै अवस्थामा राख्नु आफैमा बाँकी विश्वबाट टाढा रहने प्रयास पनि थियो ।जुन तिब्र गतिमा बढीरहेको भारतको आर्थिक विकास र २१औ शताब्दीको वैश्वीक राजनितिमा सम्भव देखिएन ।

यद्यपि जम्मू-कश्मीरका क्रमिक राज्य सरकारहरूले संघसँगको सहकार्यमा भारतीय संविधानका अधिकांश प्रावधानहरूलाई विस्तार गरेर धारा ३७०को असरलाई कम गरे, यो त्यहाँ अलगावको प्रतीकात्मक अवशेषको रूपमा रहि रह्यो । उल्लेखनीय कुरा यो छ कि ,अगस्त २०१९ भन्दा पहिले, भारतीय संविधानका अधिकांश कानून र प्रावधानहरू जम्मू-कश्मीरमा विस्तार गरिएको थियो,।

संविधानको धारा ३७० लाई जम्मू-कश्मीरका अभिजात शासक वर्गले दुई पक्षलाई खेल्नका लागि दुर्भावपूर्ण प्रयोग गर्दै आइको देखिन्छ । नयाँ दिल्लीबाट सहुलियत खोज्नका लागि पृथकतावादी भावनालाई बढावा दिनु र आफूलाई कश्मीरको उद्धारकर्ताको रूपमा पनि प्रस्तुत गर्ने क्रम लगातार चलिरहेयो ।



अनुच्छेद ३७० लाई चुनावी भोटबैंक, पहिचानको हानि र आर्थिक अवसरहरूको अतिक्रमणको बारेमा असुरक्षित देखाएर स्थानिय जनतामा आतंक र कमजोरताको भावना स्थापित गरियो । आन्तरिक स्वायत्तता र पूर्ण स्वतन्त्राताबीचको राजनैति अध्यारोबाट प्रदेश र केन्द्रिय सत्ता टाढा देखि टाढा रहे ।

यो अराजकताको स्थितिले अवसरवादी राजनीतिक अभिजात वर्गलाई राज्यप्रति नेपोटिज्म, अराजकता र निष्ठाहीनताको फललाई बढावा दिन र आनन्द लिनको लागि उर्वर भूमि नै काश्मीर बनिरहयो । धारा ३७० ले कश्मीरलाई सबैभन्दा खराब कुरा भनेको खतरनाक राजनीतिक अज्ञानता र राज्यभित्र राज्यको भावनालाई बढावा दिनु थियो । स्वतन्त्रता भनिने चमेराको अवास्तविक खोजले साधारण गरिब युवाहरूलाई पाकिस्तान समर्थित प्रचारमा पर्न बाध्य बनायो र अन्ततः उनीहरूको कुटिल राजनीतिक हितको लागि तोपको बारुद अर्थात गोला बनिर रहयो ।

धारा ३७० को अस्थि उपस्थितिले पनि युवाहरूलाई भारतबाट अलग हुने सम्भावना रहेको मान्न प्रेरित गर्यो किनकि यो लेखले मानिसहरूलाई राष्ट्रसँगको एकीकरणमा मनोवैज्ञानिक बाधाको रूपमा काम गरेको थियो । स्वायत्तता वा 'आजादी' को यो भ्रमले कश्मीरीहरूको पुस्तालाई राष्ट्रसँग पूर्ण रूपमा पहिचान गर्न, यसको प्रतीकहरूमा गर्व गर्न र यसको विकासको कथाको हिस्सा बन्न कहिल्यै अनुमति दिएन ।

धारा ३७० बाट उत्पन्न उप-राष्ट्रवादले उपत्यकामा वास्तविक राष्ट्रवादको विकास र फस्टाउन कहिल्यै अनुमति दिएन । वास्तवमा, यसले मानिसहरूलाई भारतीय राष्ट्रको हरेक प्रतीकलाई अवहेलना र शत्रुताका साथ हेर्न प्रेरित गर्यो ।त्यसको बिरोधमा राष्ट्रिय झण्डाको अनादर, स्वतन्त्रता र गणतन्त्र दिवसलाई कालो दिनको रूपमा सम्झाउने अलगादीहरुले अभियान नै चलाइरहे । लोकतन्त्र बिरोधी पहिचान बनाउन चुनाव बहिष्कारको आह्वान र चुनावी सहभागितालाई न्यून देखाउने प्रयासहरु चलिरहे ।

आतंकवादी हिंसाको डरले मानिसहरूलाई राज्यको सुरक्षा सुनिश्चित प्रति अविश्वास बढदै गयो । गरिब तथा आर्थिक बिपन्न युवाहरू आईएएस/आईपीएस वा सैन्य वा कर्पोरेट सेवामा सामेल हुन चाहेनन । उनीहरूलाई पवित्र योद्धाको धार्मिक ग्लैमरस बनाइयो र आतंकका व्यापारीहरूले जिहादी कारखाना नै चलाए ।

**स्थायी शान्तिबाट उज्ज्वल भविष्यको उपेक्षा**

५ अगस्ट २०१९ जम्मू-कश्मीरका जनताका लागि ठुलो चुनौति र परिवर्तनको दिन थियो ।सविधानबाट धारा ३७० हटाइएमा कश्मीरमा ठुलो विस्फोट हुने , भ्रमलाई यसले खण्डन गरेको छ । तर सबैलाई आश्चर्य बनाउदै , आतंकवादबाट आजिज भएका जनता शान्तिलाई मौन समर्थन गर्दै आर्थिक विकासमा सहभागी भएका छन । राज्यको बिरूद्ध विद्रोहको परिकल्पनालाई गलत साविक गर्दै युवाहरु सवैधानि परिवर्तनको स्वागत गरे,विगतमा राज्य बिरुद्ध हुने सबै तमाशाहरु बिस्तादै स्थिल हुदै गए जुन पहिलाका नियमित मामला थियो ।

यसअघि, हरेक विरोध प्रदर्शनको लहरपछि केही न केही मुद्दामा धेरै मानिस मारिएका थिए । विगतमा चलिआएका राजनीतिक वातावरणलाई नशालु बनाउने र तथाकथित जिहाद जस्ता वैचारिक र सैद्धान्तिक कारणहरू ३७० हटाए पछि स्थिल बन्दै गएका छन ।

मोदी सरकारले लिएको धारा ३७० हटाउने निर्णयले पृथकतावादको थप क्षतिबाट भारतको राजनीतिकलाई बचाउनको लागि आवश्यक कदमको रुपमा प्रमाणित भएको छ । यसले सामान्यतया मानिस र विशेष गरी युवाहरूलाई आफ्नो जीवनको लक्ष्य परिवर्तन गर्न मद्दत गरेको छ ।कश्मीरमा आशावादको नयाँ लहर सुरु भएको छ । गरिब आमाबाबुका युवाहरू अब आतंकवादको खाडल भन्दा पनि उधोग कलकारखाना तिर उन्मूख भएका छन ।

मुख्यधारा र पृथकतावादी राजनीतिज्ञहरूको पाखण्ड पुर्ण परिभाषालाई मोदी सरकारको यो प्रयासले उजागर गरेको छ । विगतमा गरिदै आएका राष्ट्र विरोधी प्रचार एक अक्षम्य पाप सावित भएको छ ।

धारा खारेजीपछिको युगमा, नयाँ राजनीतिक संस्कृति देखा परेको छ, अराजकतालाई कानूनको शासनले प्रतिस्थापन गर्दै, र राजनीतिक मामिलामा ठूलो सार्वजनिक सहभागितालाई प्रोत्साहित गर्दैछ । यसअघि सीमान्तकृत समूहहरू, जस्तै पश्चिम पाकिस्तानका शरणार्थीहरू, कश्मीरी पण्डित, महिला, र पहारी भाषी अल्पसंख्यकहरू, अब सशक्त बनाइरहेका छन् र समान नागरिकको रूपमा व्यवहार गरिरहेका छन् ।

यस खारेजीले ल्याएको सबैभन्दा न्यायसंगत परिवर्तन राज्य विषयहरूको पुनः परिभाषा थियो, जुन अहिले केन्द्र शासित प्रदेश (यूटी) को परिभाषालाई अरु राज्य सरह जम्मू-कश्मीरलाई पनि राष्ट्रिय राष्ट्रियतासंग जोडने अवसर प्रदान गरेको हो । यस परिवर्तनले प्रतिगामी र भेदभावपूर्ण संरक्षणवादी वंशानुगत नागरिक अधिकारलाई जम्मू-कश्मीरमा निस्तेज गरेको छ । अब जो कोही पनि , १५वर्षदेखि जम्मू-कश्मीरमा निरन्तर बसोबास गर्दै आएका , सात वर्षसम्म अध्ययन गरेका र जम्मू-कश्मीरमा १० औं र १२ औं कक्षाको बोर्ड परीक्षा दिएका विद्यार्थीहरू केन्द्र शासित प्रदेशको निवासी बन्न सक्छने अधिकार पाएका छन ।

यसले वर्तमान तीव्र गतिमा विकसित र गतिशील विश्वव्यापी परिदृश्यमा मानिसहरूलाई यात्रा गर्ने स्वतन्त्रता प्रदान गर्ने छ ।

जम्मू-कश्मीर राज्यको “स्थायी निवासी“ को अघिल्लो परिभाषा भेदभावपूर्ण, प्रतिगामी सीमान्तकृत र कमजोर समुदायहरू विरुद्ध ठुलो पक्षपाती थियो । जस्तै हिन्दू दलित, पश्चिम पाकिस्तानका हिन्दू शरणार्थी, र जम्मू-कश्मीरका महिलाका बच्चाहरू गैर-स्थानीयसँग विवाह गर्न नपाउने व्यवस्था पनि लागु गरिएको थियो । नयाँ काश्मिर अधिवास कानूनले यी कमजोरीहरूलाई सच्याएको छ, जसले यसलाई समावेशीता र सबैका लागि समान अधिकारको दिशामा एक शक्तिशाली कदम बनाएको छ ।

३४ वर्षपछि पहिलो पटक मुहर्रम धुमधामका साथ मनाइएको छ ।श्रीनगर शहरमा शान्तिपूर्ण मुहर्रम जुलुस स्थानिय धर्मावल्मीहरु निकालेका छन । राज्यको सार्वजनिक अस्वीकृतिको विगतका वर्षहरूले चुनावी राजनीतिमा जनताको सक्रिय संलग्नतालाई मार्ग प्रशस्त गर्यो, जसको परिणामस्वरूप ठूलो जन सहभागिताको साथ तीन स्तरमा पहिलो स्थानीय स्वशासनको सफल कार्य भयो ।

यसबाहेक, जनताले आतंकवादी, उनका प्रायोजक र त्यसता विचारधारा र सहानुभूति राख्नेहरुको सबै अभियानलाई दृढतापूर्वक अस्वीकार गरेका छन । बरु, उनीहरूले एकता र राष्ट्रिय गौरवलाई आत्मसात् गरे । धार्मिक संस्थाहरूले पुनर्जागरण भोगेका छन्, जसले सुफी मूल्यहरूको पूर्व-लडाई युगलाई पुनर्जीवित गरेको छ । मस्जिद र दरगाहले अहिले साम्प्रदायिक सद्भाव र देशभक्तिको विचारलाई बढावा दिन्छन् ।

महिलाहरूलाई एसिड आक्रमण वा आतंकवादी प्रतिशोधको कुनै खतरा बिना उद्यमशीलता वा सार्वजनिक सेवामा करियर बनाउन स्वतन्त्र मिलेको छ ।

# स्थानीयको माग सम्बोधन गरी बूढीगण्डकीको शिलान्यास छिट्टै : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थानीयबासीको माग सम्बोधन गरी बुढीगण्डकी जलविद्युत् आयोजनाको शिलान्याश छिट्टै गरिने बताउनुभएको छ। गोरखाको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिना नेतृत्वको प्रतिनिधिमण्डलसँग सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा छलफल गर्दै बुढीगण्डकी जलविद्युत् आयोजना राष्ट्रिय गौरवको परियोजना भएकाले शीघ्र अघि बढाउने बताउनुभएको हो । यही साउन ३ गते सो आयोजनाको फिल्ड कार्यालय उद्घाटन भइसकेको छ।

प्रधानमन्त्रीले आयोजना प्रभावित स्थानीयबासीले मुआब्जालगायतका विषयमा उठाएका माग सम्बोधन गर्ने र उनीहरुलाई समेत विश्वाासमा लिएर अगाडि बढाउने विश्वास दिलाउनुभएको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमिल्सिनाले जानकारी दिनुभयो।

यस्तै, गोरखाको धौवादीघाटको पुल निर्माणलाई पनि छिट्टै अगाडि बढाइने प्रधानमन्त्रीको भनाइ थियो । त्रिशुली नदीमा आएको बाढीका कारण क्षतिग्रस्त भएको झोलुङ्गे पुलको पुनःनिर्माण समेत तत्काल शुरु गर्ने प्रधानमन्त्रीको भनाइ थियो।

गोरखाको गण्डकी गाउँपालिका र धादिङको बेनीघाट रोराङ गाउँपालिका जोड्ने हिक्लुङघाटको झोलुङ्गे पुल त्रिशुलीको बाढीले क्षति पुऱ्याएको छ ।सो अवसरमा अन्य विकास निर्माणलगायतका विषयमा समेत प्रधानमन्त्रीसँग महत्वपूर्ण छलफल भएको अध्यक्ष तिमिल्सिनाले जानकारी दिनुभयो।

यस्तै सुदूरपश्चिम अत्यधिक बर्षाका कारण आएको बाढी र पहिरोले पुऱ्याएको क्षति तथा भीमदत्त राजमार्गमा भएको अवरोध खुलाउने विषयमा सुदूरपश्चिम प्रदेशका नेकपा( माओवादी केन्द्र)का नेताहरुले प्रधानमन्त्रीकोध्यानाकर्षणगराउनुभएको छ। वैकल्पिक मार्गका रुपमा रहेको दैजी जोगबुढी सडक सञ्चालन गर्ने विषयमा समेत सो अवसरमा छलफल भएको थियो।

छलफलकै क्रममा प्रधानमन्त्री प्रचण्डले भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्रालयका सचिव केशवकुमार शर्मालाई टेलिफोन गरी भिमदत्त राजमार्ग नियमित सञ्चालन हुने वातावरण बनाउन र दैजी जोगबुढा सडक सञ्चालनका लागि आवश्यक प्रबन्ध गर्न निर्देशन दिनुभएको सुदूरपश्चिम प्रदेशसभाका सदस्य ओमविक्रम भाटले जानकारी दिनुभयो । प्रधानमन्त्री प्रचण्डले बाढी प्रभावित क्षेत्रमा शीघ्र राहत तथा उद्धारको प्रबन्ध गर्न समेत निर्देशन दिनुभएको थियो।

**सुशासन, सामाजिक न्याय र समृद्धि महत्वपूर्ण छ : प्रधानमन्त्री**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकारभन्दा सुशासन, सामाजिक न्याय र समृद्धि बढी महत्वपूर्ण भएको बताउनुभएको छ । पार्टीको बागमती प्रदेश समितिको पाँचौं पूर्ण बैठकलाई सम्बोधन गर्दै उहाँले सुशासनका सन्दर्भमा कुनै पनि सम्झौता नहुने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सुशासन, सामाजिक न्याय र समृद्धिको नारालाई एउटा सङ्कल्पका रुपमा लिएका छौं। यसरी काम गर्दा जहाँ बेथिती देखिन्छ, जो कोही पनि नछुटोस् भन्नेमा छौं।"

प्रधानमन्त्रीले आफूहरु सही बाटो हिंडेको उल्लेख गर्नुहुँदै भ्रष्टाचारसम्बन्धी कामले सरकार अप्ठ्यारोमा पर्दैछ भन्ने हल्ला सही नभएको बताउनुभयो । उहाँले आफूहरुको कदमले प्रतिक्रियावादीमा आतङ्क सिर्जना भएको पनि दाबी गर्नुभयो । "उनीहरुको षड्यन्त्र र घेराबन्दी जति भए पनि हामी अप्ठ्यारोमा छैनौं । हामीले सुरुदेखि सुशासन, सामाजिक न्याय, विकास र समृद्धिका पक्षमा नयाँ ढङ्गले काम गरिरहेका छौं", उहाँले भन्नुभयो।

उहाँले तीनमहिने अभियानले पार्टीलाई नयाँ उचाइमा पुऱ्याउने बताउनुभयो। "हामीले फेरि पार्टी बनाउन सक्यौं भने देशमा आर्थिक समृद्धि, पुनर्निर्माण र सुशासन पनि कायम गर्न सक्छौं । विकास, समृद्धि, भ्रष्टाचार नियन्त्रण र सुशासनका निम्ति माओवादी जति गम्भीर अरू छैनन् भन्ने जनतामा पर्दै गएको छ", अध्यक्ष दाहालले भन्नुभयो।

उहाँले भर्खरै सम्पन्न केन्द्रीय समितिको बैठकले पार्टी पुनर्निर्माण र रुपान्तरणको नयाँ अभियानबारे गम्भीरतापूर्वक छलफल गरेर निष्कर्ष निकालेको बताउनुभयो । केन्द्रीय समितिको बैठकले गरेका निर्णय र त्यसको कार्यान्वयनको प्रश्न सामान्य औपचारिकताको मात्रै नभएको उहाँको धारणा थियो।

बैठकले ती प्रश्नहरुको पार्टीलाई वास्तविक अर्थमा निर्माण गरी छाड्नेबारे सकारात्मक र रचनात्मक जवाफ दिएको प्रधानमन्त्री प्रचण्डको भनाइ थियो । बैठकमा बागमती प्रदेश मातहत रहेका पार्टीका नेता तथा कार्यकर्ताको सहभागिता रहेको प्रदेश अध्यक्ष सरल सहयात्री पौडेलले जानकारी दिनुभयो। रासस

## निर्माण व्यवसायीको माग सम्बोधन गर्न कार्यदल गठन

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले निर्माण व्यवसायीले उठाएका विभिन्न माग सम्बोधनका लागि आफू गम्भीर रहेको बताउनुभएको छ । प्रधानमन्त्रीले सम्पन्न कामको भुक्तानी, मूल्य अभिवृद्धि करलगायतका विषयमा अर्थ मन्त्रालय र सम्बद्ध विषयगत मन्त्रालयलले आपसी समन्वयका आधारमा यथाशीघ्र माग सम्बोधन गर्न निर्देशन दिनुभएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले जानकारी दिनुभयो।

प्रधानमन्त्रीले निर्माण व्यवसायीले उठाएका मागको सम्बन्धमा सम्बोधन गर्न सम्बद्ध निकायलाई निर्देशनसमेत दिनुभएको प्रवक्ता भट्टको भनाइ छ । समस्या समाधानका लागि नै सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव डा दामोदर रेग्मीको संयोजकत्वमा विभिन्न विषयगत मन्त्रालयका सहसचिव सदस्य रहने गरी छ सदस्यीय कार्यदल गठन गरिएको छ । कार्यदललाई आगामी १५ दिनभित्र सरोकारवालासँग आवश्यक छलफल, परामर्श र समन्वय गरी प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ। कार्यदलमा अर्थ, भौतिक पूर्वाधार, सहरी विकासलगायतका भौतिक पूर्वाधारसँग सम्बन्धित मन्त्रालयका प्रतिनिधि सहभागी छन् । निर्माण व्यवसायीले आफूहरूले गरेको कामको भुक्तानी नपाएको भन्दै विगत केही दिनदेखि चासो व्यक्त गर्दै आएका छन्। सोही आधारमा प्रधानमन्त्रीले आवश्यक चासो लिँदै समस्या समाधानका लागि पहल थाल्नुभएको हो। रासस

# काम रोकिएका आयोजनाको ठेक्का तोडिन्छ : अर्थमन्त्री महत



काठमाण्डु । अर्थमन्त्री डा प्रकाशशरण महतले काम रोकिएका आयोजनाको ठेक्का सम्झौता तोडिने बताउनुभएको छ । सोमबार अर्थ मन्त्रालयमा आन्दोलनरत निर्माण व्यवसायीसँग भएको छलफलमा अर्थमन्त्री डा महतले हालसम्म भएको कामबाट सिर्जित दायित्वको भुक्तानी दिने तर काम अघि बढ्न नसक्ने देखिएमा त्यस्ता आयोजनाको ठेक्का तोड्ने स्पष्ट पार्नुभयो । उहाँले निर्माण व्यवसायीका जायज समस्या समाधान हुने समेत बताउनुभयो।

"कतिपय आयोजनामा ठेक्का तोड्न नसकिने अवस्था छ भने त्यस्ता आयोजनामा बजेट व्यवस्थापन गरी जतिसक्दो छिटो काम सम्पन्न गरौं", उहाँले भन्नुभयो, "काम हुन सकेको छैन र बजेट पनि छैन भने ती आयोजनाको ठेक्का तोडिन्छ । जतिबेला बजेट हुन्छ, त्यतिबेला ठेक्का लाग्छ ।" हाल कुन आयोजना कस्तो अवस्थामा छ र त्यस्ता आयोजनाको सिर्जित दायित्व कति हो भन्ने स्पष्ट तथ्याङ्क ल्याउन पनि अर्थमन्त्री महतले निर्माण व्यवसायीसँग माग गर्नुभयो । आयोजनामा काम भइसकेको अवस्थामा त्यसको दायित्व सरकारले बेहोर्ने अर्थमन्त्री डा महतले प्रतिवद्धता जनाउनुभयो।

"सम्बन्धित आयोजनामा बिल पेश गरेको एक महिनाभित्र अर्थमन्त्रालयमा आइसक्छ र त्यसको १५ दिनभित्रमा हामी भुक्तानी दिइसक्छौं", अर्थमन्त्री डा महतले भन्नुभयो, "बिल नै नबनेका आयोजनाको कसरी भुक्तानी हुन्छ ? बिल नबनेर रोकिएको भुक्तानी सम्बन्धित आयोजना नै जिम्मेवार हुन्छन्।"

अनावश्यक दायित्व सिर्जना हुने गरी अब सरकारले आयोजनाको समय थप नगर्ने बरु हालसम्म भएको कामको भुक्तानी गरेर ठेक्का तोडने उहाँले बताउनुभयो । "अब यो च्याप्टर बन्द गरी नयाँ शिराबाट काम शुरु गरौं। अब नयाँ मूल्यका आधारमै ठेक्का लाग्छ", उहाँले भन्नुभयो, "यसअघि कतिपय आवश्यकता नै नभएका ठाउँमा पनि ठेक्का लागेको छ भने त्यस्ता ठेक्का तोडिन्छन्।"

छलफलमा अर्थ मन्त्रालयका सचिव अर्जुन पोखरेलले आयोजनाको प्रगति विवरण प्राप्त भएपछि कसरी अगाडि बढ्ने निर्क्यौल हुने स्पष्ट पार्नुभयो । "ठेकेदारले पेस्की लिएर वर्षौंसम्म काम नगरी बसेको अवस्था छ। कुन आयोजनामा कति प्रगति भएको छ भन्ने हेरेपछि सोहीअनुसार निर्णय हुन्छ", उहाँले भन्नुभयो।

सचिव पोखरेलले सिर्जित दायित्वको विवरण लिने र राज्यको क्षमताले भ्याएसम्म आयोजना अगाडि बढाइने बताउनुभयो । गत आर्थिक वर्षको बजेटमा समावेश भएका तर चालु आवको बजेटमा नपरेका आयोजनालाई के गर्ने भनेर मन्त्रालयले चाँडै निर्णय लिने उहाँको भनाइ छ।

निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रबि सिंहले सरकारले दायित्व बेहोर्न नसक्ने आयोजनामा ठेक्का लगाउन नहुने बताउनुभयो । "अर्बौं रकम लागत पर्ने आयोजनाका लागि करोडमा मात्रै बजेट छुट्याइएको छ", उहाँले भन्नुभयो, "स्रोत सुनिश्चितता बिना नै सरकारले काम लगाएको छ । बजेटले नधान्ने आयोजनाको सम्झौता खारेज गरौं।"

अध्यक्ष सिंहले सरकारलाई स्रोतले सम्भव हुने आयोजना मात्रै कार्यान्वयन गर्न सुझाव दिनुभयो। "हामी सच्चिनुपर्ने ठाउँमा सच्चिन्छौं । तर त्यो आयोजनामा बजेटमा परेको छैन किन काम गरेको भनेर हामीलाई नभनन्नु होस्", उहाँले भन्नुभयो, "कुन आयोजनामा सरकारले बजेट हाले नहालेको हामीलाई थाहा हुँदैन । ठेक्का खोलेपछी काम गरेको हो।"

सो अवसरमा सार्वजनिक खरिद ऐनको व्यवस्थाअनुसार पाउनुपर्ने मूल्य समायोजन नपाएको, भ्याटको समायोजन फिर्ता पनि नपाएको निर्माण व्यवसायीले गुनासो गर्नुभएको थियो। रासस

# अवरुद्ध संसद् बैठक सञ्चालन गर्न कांग्रेसले पहल गर्ने

काठमाण्डु। नेपाली कांग्रेसले लामो समयदेखि अवरुद्ध सङ्घीय संसद्का दुवै सदन सञ्चालन गर्न पहल गर्ने भएको छ । कांग्रेस संसदीय दलको सोमबार बसेको बैठकले यसका लागि सत्तारुढ दलसँगै प्रमुख प्रतिपक्षी दललगायत अन्य सबै दलसँग संवादको अग्रसरताका साथ सञ्चालन गर्न पहल गर्ने निर्णय गरेको हो।

बैठकका निर्णयबारे जानकारी गराउँदै प्रमुख सचेतक रमेश लेखकले अवरुद्ध सदन खुलाउन प्रमुख प्रतिपक्षी दललाई अवरोध समाप्त गर्न आग्रह गर्दै सबै विषयमा सदनमा छलफल गर्ने वातावरण सुनिश्चित गर्न आग्रह गर्नुभयो । यही साउन १० गतेदेखि प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले सुन तस्करी प्रकरण सम्बन्धमा उच्चस्तरीय छानविन समिति गठनको माग गर्दै सदन अवरुद्ध गर्दै आएको छ।

लामो समयदेखि दुवै सदन अवरुद्ध हुँदा जनजीविकाका सवाल उठाउन र छलफल हुन नपाएको तथा सरकारलाई सदनप्रति र संसद् आफैं जनताप्रति उत्तरदायी बनाउन पनि संसद् बैठक सञ्चालन हुनुपर्ने कांग्रेसको धारणा छ। सदन अवरुद्ध हुँदा महत्वपूर्ण विधेयक विचारधीन अवस्थामा छन्।

यसैगरी बैठकले सुन तस्करी प्रकरणका सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलगायत सरकारका निकायलाई निष्पक्ष छानविन गरी घटनामा संलग्न जोसुकै भए पनि कानुनी कारबाही गर्न माग गर्ने निर्णय गरेको प्रमुख सचेतक लेखकले बताउनुभयो।

> कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले देशभरि फैलिएको डेङ्गु रोग र एडिनो भाइरस कन्जन्टिभाइटिस (आँखा पाक्ने) रोगको सङ्क्रमणको आवश्यक औषधि उपचार व्यवस्था गरी रोकथाम तथा नियन्त्रण गर्न सरकारसँग माग गरेको छ

**गठबन्धनको स्थिरता र स्थायित्वका लागि काम गर्ने**

बैठकले वर्तमान सत्तागठबन्धन कांग्रेसको प्रयास र प्रयत्नमा बनेको उल्लेख गर्दै गठबन्धनको स्थिरता र स्थायित्वका लागि पार्टीले प्रभावकारीरुपमा काम गर्ने निर्णय गरेको छ। यसैगरी बैठकले मुलुकमा भ्रष्टाचार निवारण र सुशासनको सुनिश्चितताका लागि सरकारसँग आग्रह गर्ने र जग्गा कित्ताकाट खुले पनि कार्यान्वयन नभएको अवस्थामा तत्काल कर्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराएको उहाँले जानकारी दिनुभयो।

कांग्रेस सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा बसेको बैठकले देशभरि फैलिएको डेङ्गु रोग र एडिनो भाइरस कन्जन्टिभाइटिस (आँखा पाक्ने) रोगको सङ्क्रमणको आवश्यक औषधि उपचार व्यवस्था गरी रोकथाम तथा नियन्त्रण गर्न सरकारसँग माग गरेको छ।

बैठकले देशव्यापीरुपमा पशुचौपायामा फैलिएको लम्पी स्किन रोगको रोकथाम तथा नियन्त्रणका लागि प्रभावकारी ढङ्गले तत्काल काम गर्न साथै पीडित किसानलाई उचित राहत एवं क्षतिपूर्ति दिनसमेत सरकारसँग माग गरेको छ।

बैठकले बाढी, पहिरो र डुबान प्रभावितको उद्धार, राहत र पुनःस्थापनाको अविलम्ब व्यवस्था गर्न, ध्वस्त भएका, क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्न, विभिन्न स्थानमा अवरुद्ध भएका सडक यातायात अविलम्ब सञ्चालन गर्नसमेत माग गरेको छ।

यसैगरी बैठकले तराई-मधेसका विभिन्न जिल्लामा अल्पवृष्टिका कारण धेरै स्थानमा धान रोपाइँ हुन नसकेको र जमिन मुनिको पानीको सतह तल झरेका कारण खानेपानीको समेत समस्या भई नागरिक ठूलो मर्कामा परेको उल्लेख गर्दै किसानलाई राहत दिन र खानेपानीको तत्काल व्यवस्था गर्न सरकारसँग माग गरेको छ। रासस


## सबैला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

## हाटबजार ठेक्का बन्दोबस्त सम्बन्धी सिलबन्दी दर भाउपत्र आव्हानको ७ दिने सुचना

**दोस्रो पटक प्रकाशित मिति २०८०/०४/२९ गते**

यस सबैला नगरपालिकाको स्वामित्वमा रहेको तपसिलको हाट बजारहरुको बट्टी रकमको निमित्त सिलबन्दी दरभाउपत्रद्वारा ठेक्का बन्दोवस्त गर्नु पर्नु भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रहि मिति २०८०/०५/०३ गते दिनको १२:०० बजे भित्र धरौटी वापत कवुल अंकको १०% (दस प्रतिशत) रकम सबैला नगरपालिका स्थित एन. आई. सी. एसिया बैंकमा रहेको धरौटी खाता नं. ग-३-०३१२०५००३९४५९००६ मा जम्मा गरी सोको सक्कलै बैंक भौचर सहित टिकट वापत रु १०|- को नोट संलग्न राखी सिलबन्दी दरभाउपत्र यस सबैला नगर कार्यपालिकाको कार्यालय सबैलामा दर्ता गराउनुहुन् र सो सिलबन्दी दरभाउपत्रहरु सोही दिन अर्थात मिति २०८०/०५/०४ गते दिनको २:०० बजे खोलिने छ। दरभाउपत्र खोलिने बखत दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित रहनुपर्नेछ। तोकिएको समयमा उपस्थित नभए पनि दरभाउपत्र खोलिने कार्य रोकिने छैन् र पछि कसैको उजुरी नलागने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल :**

१. यो सुचना दोस्रो पटक प्रकाशित मितिले ०७ (सात) दिन २०८०/०५/०३ गते भित्र रु १०००|- (एक हजार) नगद तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट दरभाउपत्र फारम खरिद गर्न सकिने छ। दरभाउपत्र फारम खरिद गर्दा नेपाली नागरिक्ता प्रमाण-पत्रको प्रतिलिपि वा सक्कलै अनिवार्य रुपले दिनु पर्ने छ।
२. ठेक्का अवधि ठेक्का करारनामा गरी चलन पुर्जी लिएको मितिले जम्मा बर्ष १ (एक) को हुनेछ।
३. तल उल्लेखित बजारको निम्न बमोजिमको न्युनतम मोलमा नघटाई दरभाउपत्र भर्नुपर्नेछ। नगरपालिकाको प्रस्तावित अंकभन्दा घटी भएमा दरभाउपत्र अस्वीकृत हुनेछ।

| आय ठेक्का नं. | बजारको नाम | बजार रहेको स्थान | १ (एक) बर्षको न्युनतममोल | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १/०८०/०८१ | सबैला गुदरी हाटबजार | सबैला - ३, सबैला | १७,००,०००|- | बजार ठेक्का |
| २/०८०/०८१ | भठिहन गुदरी हाटबजार | सबैला - ९, भठिहन | ११,५०,०००|- | बजार ठेक्का |
| ३/०८०/०८१ | सतोषर मवेशी तथा गुदरी हाटबजार | सबैला - ९, सतोषर | २,५५,०००|- | बजार ठेक्का |
| ४/०८०/०८१ | पटेर्वा बजार | सबैला - ०४, पटेर्वा | २५,०००|- | बजार ठेक्का |
| ५/०८०/०८१ | किरतपुर बजार | सबैला - १३, किरतपुर | ५५,०००|- | बजार ठेक्का |

४. सबैला नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित र छाप नलागेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन्।
५. दरभाउपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईने छ।
६. न.पा.को रकम कलम बाँकी रहेका व्यक्ति वा ठेकेदार तथा फर्मले न.पा.को रकम कलम चुक्ता नगरेमा निजको नाउमा ठेक्का स्वीकृत गरिने छैन्।
७. सबैला नगरपालिकाबाट प्राप्त निर्देशनलाई सम्बन्धित ठेकेदारले पुर्णरुपले पालन गर्नु पर्नेछ।
८. नेपाल सरकारलाई तिर्नु पर्ने कर ठेकेदारले स्वयंले नै तिर्नु पर्नेछ।
९. तारिक मुकररका दिन अकस्मात विदा परेमा त्यसको भोलिपल्ट खोलिने छ।
१०. धरौटी वापत जम्मा गरेको रकम अन्तिम किस्तामा मिलान हुनेछ।
११. बट्टि रकम यस कार्यालयबाट तोकिएको दर-रेटमा लिनुपर्ने छ। साथै सो को रसिद दिनु पर्ने छ।
१२. बजार क्षेत्र भित्र विक्री गर्ने माछा, मासु, अण्डा, आदिबाट, निस्केको आन्द्रा भुडि, रौं आदि फोहर बस्तुहरु ठेकेदारले बाहिर फ्याक्नु पर्ने छ र सो काम नगरे सो बाट कुनै किसिमको माहामारी अथवा रोग लागेमा ठेकेदार स्वंय जिम्मेवार हुनेछ।
१३. नगरपालिकाले कुनै पनि अवस्थामा ठेक्का रकम मिन्हा र म्याद थप गर्ने छैन।
१४. किस्ताको हकमा छौमासिक किस्ता हुनेछ। ठेक्का वापत पहिलो किस्ता कुल ठेक्का रकमको ५० प्रतिशत रकम बुझाईएमा मात्र चलन पुर्जी दिइने छ, अर्को ५० प्रतिशत रकम फागुन महिना भित्र बुझाउनु पर्नेछ। नबुझाएको खण्डमा ठेक्का बदरगरी अर्को व्यवस्था भइजानेछ।
१५. ठेक्का सदर भएको ७ (सात) दिन भित्र छौमासिक किस्ता बुझाई सके पछी चलनपुर्जी दिईनेछ। सो म्याद भित्र चलनपुर्जी पट्टा नउठाएमा स्वतः ठेक्का बदर हुनेछ र सो वापत राखेको धरौटी जफत हुनेछ।
१६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन।
१७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहने छ।
१८. यस सुचनामा उल्लेखित नभएका शर्तहरुको हकमा प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ।
१९. यस सम्बन्धी अन्य कुरा जानकारी लिनुपर्ने भएमा यस नगर कार्यपालिकाको कार्यालय, सबैला, धनुषामा कार्यालय समय भित्र सम्पर्क राख्नु पर्ने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

# चिनियाँ रक्षामन्त्रीले रूस र बेलारूसको भ्रमण गर्ने

**सिन्ह्वा**

बेइजिङ । चीनका रक्षामन्त्री ली शाङफुले यसै साता रूस र बेलारूसको भ्रमण गर्नुहुने भएको छ । बेइजिङ र मस्कोबीचको सम्बन्ध उच्चस्तरीय भ्रमण र फोन वार्ताबाट प्रगाढ बन्दै गएको चिनियाँ रक्षा मन्त्रालयले सोमबार जनाएको छ ।

हालैका वर्षहरूमा चीनले रूसद्वारा युक्रेनमा गरिएको आक्रमणको विरोधमा बोल्न इन्कार गरेपछि सम्बन्ध चीन र रूसबीचको सम्बन्ध थप नजिकिएको छ । युक्रेनमाथि रूसले गरेको युद्धको विश्वका धेरै मुलुकबाट व्यापक निन्दा भएको छ ।

रूसी सैन्य प्रविधि खरिदका लागि वासिङ्टनले आफूमाथि लगाएको प्रतिबन्ध नहटाएसम्म लीले अमेरिकी समकक्षीसँग भेटघाट गर्न अस्वीकार गर्दै आउनुभएको छ ।

भ्लादिमिर पुटिनका एक सहयोगीले गत महिना रूसी राष्ट्रपति पुटिनले अक्टोबरमा चीन भ्रमण गर्ने योजना बनाइरहेको र मार्चमा राष्ट्रपति सी चिनफिङले मस्कोको राजकीय भ्रमण गरी दुई देशबीचको सम्बन्ध नयाँ युगमा प्रवेश गरेको घोषणा गरेका थिए ।

लीले दुई नौसेनाबीच घनिष्ठ द्विपक्षीय सहयोगका लागि आह्वान गरेपछि चीन र रूसले पनि जुलाईमा संयुक्त नौसैनिक अभ्यास गरेका थिए । बेइजिङबाट



रूसी नौसेनाका प्रमुख निकोलाई येभमेनोभसँग कुरा गर्दै लीले दुवै देशले 'सबै तहमा सञ्चारलाई मजबुत बनाउन सक्ने' आशा व्यक्त गरेको चिनियाँ रक्षा मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

चीन र रूस रणनीतिक सहयोगी हुन् र दुवै पक्षले आफ्नो साझेदारी र आर्थिक तथा सैन्य सहयोगलाई 'नो लिमिट' को संज्ञा दिँदै आएका छन् ।

रूसले गत वर्ष फेब्रुअरीमा युक्रेनमा सैन्य अभियान सुरु गरेपछि र त्यसपछि पश्चिमा मुलुकले लगाएको आर्थिक प्रतिबन्धपछि दुई देशबीचको सम्बन्ध थप प्रगाढ बनेको थियो ।

रुसी रक्षामन्त्री (सर्गेइ) शोइगु र बेलारूसका रक्षामन्त्री (भिक्टर) खरेनिनको निमन्त्रणामा स्टेट काउन्सिलर तथा रक्षामन्त्री ली शाङफु अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी ११औँ मस्को सम्मेलनमा भाग लिन र बेलारुसको भ्रमण गर्न रूस जानुहुनेछ । लीको रूस भ्रमणका क्रममा अन्तर्राष्ट्रिय सुरक्षा मञ्चमा सम्बोधन गर्नुका साथै रूस र अन्य देशका रक्षा विभागका प्रमुखहरूसँगको भेटघाट पनि समावेश हुने प्रवक्ताले बताएका छन् ।

चीनका उच्च कूटनीतिज्ञ वाङ यीले गत साता रूसी विदेशमन्त्री सेर्गेइ लाभरोभसँग फोनमा कुरा गर्दै दुई देशबीचको 'व्यावहारिक सहयोग'को प्रशंसा गर्नुभएको थियो ।

चिनियाँ विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "बेइजिङ र मस्कोले निकट रणनीतिक समन्वय कायम राख्न, विश्व बहुध्रुवीकरण र अन्तर्राष्ट्रिय सम्बन्धको लोकतान्त्रिकरणलाई बढावा दिन जारी राख्नुपर्छ ।"

रणनीतिक साझेदार रूससँग घनिष्ठ सम्बन्ध कायम राख्दै चीनले युक्रेन द्वन्द्वमा आफूलाई तटस्थ पक्षका रुपमा स्थापित गर्न खोजेको छ ।

# नाभाल्नीका सहयोगीमाथि रूसमा चरमपन्थीको अभियोग

**एएफपी**

मस्को । जेलमा रहेका रुसी विपक्षी नेता एलेक्सी नाभाल्नीका एक सहयोगीविरुद्ध 'अतिवादी सङ्गठन' खडा गरेको अभियोगमा सोमबार मुद्दा चलाइएको रूसी अदालतका प्रवक्ताले एएफपीलाई बताएका छन् ।

गत वर्ष युक्रेनमा रूसले ठूलो मात्रामा शत्रुता सुरु गरेपछि क्रेमलिनका मुखर आलोचकहरूविरुद्ध लगाइएका मुद्दाहरूको शृंखलामा यो पछिल्लो मुद्दा हो । साइबेरियाली शहर टोम्स्ककी पूर्व स्थानीय उपप्रमुख बनिसकेका ३१ वर्षीया केसेनिया फाडेयेभालाई जनवरी २०२२ मा रूसको 'आतङ्कवादी' सूचीमा समावेश गरिएको थियो ।

उहाँले टोम्स्कस्थित नाभाल्नीको राजनीतिक कार्यालयको नेतृत्व गर्नुभएको थियो, जहाँ विपक्षी नेतालाई सन् २०२० को अगष्टमा चुनावको पूर्वसन्ध्यामा सोभियतकालीन नोभिचोक विष खुवाइएको थियो ।

फाडेभाको कानुनी टोलीले सोमबार ९० वटा छुट्टाछुट्टै खण्डहरूमा सङ्कलित अदालतका कागजातहरू अध्ययन गर्न कम्तीमा १० दिनको समय मागेको थियो, तर न्यायाधीशले एक दिनका लागि मात्र स्थगित गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

फाडेयेभा सन् २०२० मा साइबेरियामा अन्य स्वतन्त्र कार्यकर्ताहरूसँगै टोम्स्क शहरको विधायिकामा निर्वाचित हुनुभएको थियो । यो कदमलाई राष्ट्रपति भ्लादिमिर पुटिनको शासनविरुद्ध रूसी विपक्षीहरूको विजयको रूपमा स्वागत गरिएको थियो ।

संसदीय निर्वाचनको एक वर्ष अगाडि स्थानीय निर्वाचन भएको थियो र यसलाई क्रेमलिनका लागि एक झट्काको रूपमा हेरिएको थियो, किनकि सत्तारूढ दलले घट्दो लोकप्रियता र आर्थिक सङ्कटको बारेमा बढ्दो जन आक्रोशको सामना गर्नुपरेको थियो ।

तर सन् २०२१ मा नाभाल्नीको राजनीतिक कार्यालयलाई 'अतिवादी सङ्गठन' घोषणा गरियो, जसले कर्मचारी, स्वयंसेवक र समर्थकलाई मुद्दाको जोखिममा पार्‍यो ।

उहाँका धेरै सहयोगीहरूले रूस छोडेका छन्, यद्यपि फाडेयेभाले भाग्न इन्कार गर्नुभएको छ र डिसेम्बर २०२१ मा उहाँलाई 'अतिवादी' समूह सङ्गठित गरेको आरोपमा हिरासतमा लिइएको थियो ।

# एसिया कप क्रिकेटका लागि नेपाली टोलीको घोषणा



काठमाण्डु । नेपाल क्रिकेट सङ्घ (क्यान) ले एसिया कप क्रिकेट प्रतियोगिताका लागि रोहित पौडेलको कप्तानीमा १७ सदस्यीय टोली घोषणा गरेको छ । आगामी भदौ १३ देखि ३१ गतेसम्म पाकिस्तान र श्रीलङ्कामा आयोजना हुने उक्त प्रतियोगिताका लागि क्यानले सोमबार नेपाली टोलीको घोषणा गरेको हो । छनोट हुने नेपाली टोलीमा कप्तान पौडेलसहित आशिफ शेख, कुशल भुर्तेल ललित राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्र सिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, गुल्सन झा, आरिफ शेख, सोमपाल कामी र प्रतिश जिसी रहेका छन् ।

त्यसैगरी किशोर महत्तो, सन्दीप जोरा, अर्जुन साउद र श्याम ढकाल छानिएका छन् । पहिलो पटक एसिया कपमा सहभागिता जनाउन लागेको नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा भारत र पाकिस्तान छन् । त्यस्तै समूह बीमा श्रीलङ्का बङ्गलादेश र अफगानिस्तान रहेका छन् । नेपालले आफ्नो समूहको पहिलो खेल पाकिस्तानमा खेल्नेछ भने दोस्रो खेल श्रीलङ्कामा खेल्नेछ । नेपालले र पाकिस्तानबीचको पहिलो खेल आगामी भदौ १४ गते हुनेछ । त्यस्तै नेपालले आफ्नो दोस्रो खेल भारतसँग खेल्नेछ । नेपाल र भारत बीचको खेल भने श्रीलङ्कामा हुनेछ । उक्त खेल भदौ १८ गते हुनेछ । रासस

# गौरव बस्नेत राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकमा

काठमाण्डु । अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले गौरव बस्नेतलाई नेपाली राष्ट्रिय फुटसल टोलीको मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ । एन्फाले मङ्गोललियामा हुने एएफसी (एसियाली फुटबल महासङ्घ) फुटसल एसियन कप छनोट २०२४ प्रतियोगिताका लागि उहाँलाई मुख्य प्रशिक्षक तथा सहायक प्रशिक्षकमा थम्मन भुसाललाई नियुक्त गरिएको हो । प्रशिक्षकद्वयलाई एन्फाका महासचिव किरण राईले सोमबार नियुक्ति पत्र प्रदान गर्नुभयो ।

छनोट प्रतियोगितामा विभिन्न ३१ राष्ट्र सहभागी छन् । यसलाई विभिन्न आठ समूहमा विभाजन गरिएको छ । नेपाल भने समूह ' डि' मा रहेको छ । नेपालको समूहमा भियतनाम, दक्षिण कोरिया र मङ्गोलिया रहेका छन् । समूह 'डी' को खेल आगामी अक्टोबर ७ देखि ११ तारिखसम्म मङ्गोलियमा हुनेछ ।

प्रत्येक समूहका शीर्ष स्थान हासिल गर्ने टोली एएफसी फुटसल एसियन कपका लागि छनोट हुनेछन् । त्यसैगरी प्रतियोगितामा उत्कृष्ट सात उपविजेता टोलीले पनि प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् ।

मुख्य प्रशिक्षक बस्नेतले यसअघि सन् २०२२ मा कीर्गिस्तानमा भएको एएफसी फुटसल एसियन कप छनोटमा पनि नेपाली टोलीको प्रशिक्षक समाल्नुभएको थियो । रासस

# बाजूमलाई 'उच्च राजद्रोह' को अभियोगमा मुद्दा चलाइने

**एपी**

नियामी । नाइजरका विद्रोही सैनिकहरूले अपदस्थ राष्ट्रपति मोहम्मद बाजुमलाई 'उच्च राजद्रोह' र राज्यको सुरक्षालाई कमजोर पारेको अभियोगमा मुद्दा चलाउने बताएका छन् ।

नाइजरको दण्ड संहिताअनुसार बाजुमदोषी ठहरिएमा उहाँलाई मृत्युदण्डको सजाय हुनसक्छ ।

प्रवक्ता कर्नेल अमादोउ अब्दरमानेले आइतबार राति सरकारी टेलिभिजनमा भन्नुभयो, "सैन्य शासनले अपदस्थ राष्ट्रपति र उहाँका स्थानीय तथा विदेशी सहयोगीहरूलाई 'उच्च राजद्रोह' र नाइजरको आन्तरिक र बाह्य सुरक्षालाई कमजोर पारेको आरोपमा राष्ट्रिय र अन्तर्राष्ट्रिय अधिकारीहरूसमक्ष मुद्दा चलाउन आवश्यक सबै प्रमाणहरू जुटाएको छ ।" उक्त घोषणामा न त आरोपको बारेमा कुनै स्पष्ट विवरण दिइएको छ न त मुद्दाको परिस्थिति वा सुनुवाईको मिति नै उल्लेख गरिएको छ ।

नाइजरका प्रजातान्त्रिक ढङ्गबाट निर्वाचित राष्ट्रपति बाजुमलाई राष्ट्रपति गार्डका सदस्यहरूले जुलाई २६ मा कब्जामा लिई पदच्युत गरेका थिए । त्यसपछि उहाँ आफ्नी पत्नी र छोरासहित राजधानी नियामीस्थित राष्ट्रपति परिसरमा नजरबन्दमा हुनुहुन्छ ।

राष्ट्रपतिका नजिकका व्यक्तिहरू र उहाँको सत्तारुढ दलका नेताहरूले उहाँको परिवारको बिजुली र पानी काटिएको र उनीहरूको खाना समाप्त भएको बताएका छन् ।

जुन्टाले आइतबार राति यी रिपोर्टहरू खारेज गर्दै पश्चिम अफ्रिकी राजनीतिज्ञहरू र अन्तर ाष्ट्रिय साझेदारहरूले जुन्टालाई बदनाम गर्न दुष्प्रचार गरेको आरोप लगाएको छ ।

# बङ्लादेशमा डेङ्गुबाट मृत्यु हुनेको संख्या चार नाघ्यो

**सिन्ह्वा**

ढाका । बङ्गलादेशमा २४ घण्टाको अवधिमा थप ११ जनाको डेङ्गुका कारण मृत्यु भएको पुष्टि भएको छ । योसँगै यस वर्ष डेङ्गु सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या ३९८ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ । स्वास्थ्य मन्त्रालय अन्तर्गतको महानिर्देशनालयको तथ्याङ्कअनुसार पछिल्लो २४ घण्टामा दैनिक दुई हजार ९०५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको र जनवरीयता डेङ्गुका सङ्क्रमितको सङ्ख्या ८५ हजार ४११ पुगेको छ । पछिल्लो २४ घण्टामा अस्पताल र क्लिनिकबाट थप दुई हजार ९९१ जना निको भएर घर फर्केपछि निको हुनेको संख्या ७५ हजार २८० पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यस वर्षको अगष्टमा १४७, जुलाईमा २०४ र जुनमा ३४ जनाको मृत्यु भएको छ । गत महिना ४३ हजार ८५४ जनामा लामखुट्टेको टोकाइबाट डेङ्गुको सङ्क्रमण देखिएपछि अगस्टको पहिलो १३ दिनमा थप ३३ हजार ५७९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

एडिस लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग डेङ्गु ज्वरा आउँदा टाउको दुख्ने, उच्च ज्वरो आउने, थकाइ लाग्ने, मांसपेशी र जोर्नी दुख्ने, ग्रन्थी सुन्निने, वान्ता हुने र चिलाउने जस्ता लक्षण हरू देखा पर्छन् ।

एडिस मूलतः उष्णकटिबन्धीय र उपोष्णकटिबन्धीय क्षेत्रमा पाइने लामखुट्टेको प्रजाति हो । तर यो प्रजाति अहिले अन्टार्कटिका बाहेक सबै महादेशहरूमा फैलिएको पाइन्छ ।

# सडक दुर्घटनामा किर्गिस्तानमा ८ जनाको मृत्यु

बिश्केक । किर्गिजस्तानमा सवारी दुर्घटनामा आठ जनाको मृत्यु भएको छ । सोमबार किर्गिज गृह मन्त्रालयको मुख्य सडक सुरक्षा निर्देशनालयले जनाएअनुसार इस्सिक क्षेत्रको टोङ जिल्लाको बिश्केक-बालिक्ची राजमार्गमा अगष्ट १३ को राति सो दुर्घटना भएको हो । दुई गाडी एकापसमा ठोक्किदा दुई बालबालिका - डेढ वर्षको र पाँच महिनाको बच्चा सहित आठ जनाको मृत्यु भएको छाअन्य ६ जना विभिन्न घाइते अस्पतालमा उपचाररत छन् । घटनाको अनुसन्धान भइरहेको छ । रासस

# क्षेप्यास्त्र उत्पादन बढाउन उत्तर कोरियाली नेता किमको निर्देशन



**एएफपी**

सियोल । उत्तर कोरियाली नेता किम जोङ उनले आगामी हप्ता दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले संयुक्त अभ्यासको तयारी गरिरहेका बेला प्रमुख हतियार कारखानाको भ्रमणका क्रममा क्षेप्यास्त्र उत्पादनमा 'व्यापक वृद्धि' गर्न निर्देशन दिनुभएको छ । किमले गत हप्ता एक महत्वपूर्ण सैन्य बैठकमा युद्धको तयार लाई तिव्रता दिन आह्वान गरेपछि शुक्रबारदेखि शनिबारसम्म यी हतियार कारखाना (प्लान्ट) हरुको भ्रमण भएको हो ।

कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार किमले दुई दिनसम्म गरेको निरीक्षणमा सामरिक क्षेप्यास्त्र उत्पादन गर्ने कारखाना, ठूलो क्यालिबर कन्ट्रोल मल्टिपल रकेट लञ्चर शेलका साथै बख्तरबन्द लडाकु गाडी निर्माण गर्ने प्लान्टको भ्रमण पनि समावेश छ । रणनीतिक क्षेप्यास्त्र प्लान्ट फ्याक्ट्री भ्रमणका क्रममा किमले प्लान्टले उत्पादनमा उत्पन्न हुने वैज्ञानिक र प्राविधिक समस्यालाई परिपूर्ण बनाएको र हतियारको आधुनिकीकरणलाई अघि बढाएकोमा सन्तुष्टि व्यक्त गर्नुभएको थियो ।

केसीएनएका अनुसार उहाँले विद्यमान क्षेप्यास्त्र उत्पादन क्षमतामा व्यापक वृद्धि गर्ने महत्वपूर्ण लक्ष्य राख्दै युद्धको तयारीलाई तीव्रता दिन कारखानाको भूमिकामाथि जोड दिनुभएको छ । किमले ' गोलाबारूदको उत्पादनमा वृद्धि सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ भने उहाँ आँफैले बख्तरबन्द लडाकू वाहन चलाएको तस्बीरसमेत सार्वजनिक गरिएको छ ।

सरकारी रोडोङ सिनमुन पत्रिकाले सार्वजनिक गरेको तस्बिरमा किम उत्तर कोरियाले ' हालै विकसित युटिलिटी कम्ब्याट बख्तरबन्द गाडी'को चालकको सिटमा बसिरहेको देखिनुहुन्छ । किमले ट्रान्सपोर्टर इरेक्टर लञ्चर उत्पादन गर्ने कारखानाको पनि निरीक्षण गर्दै मोबाइल प्लेटोर्मको विकास र उत्पादनको महत्वमा उहाँले जोड दिनुभएको थियो ।

उत्तर कोरियाली सेनासँग 'ठूलो सैन्य बल' हुनुपर्छ र शत्रुविरुद्ध कुनै पनि समयमा कुनै पनि युद्धको सामना गर्न पूर्ण रूपमा तयार हुनुपर्छ," किमलाई उद्धृत गर्दै केसीएनएले उल्लेख गरेको छ ।

"यदि उनीहरूले आक्रमण गरे भने उत्तर कोरियाले उनीहरूमाथि धावा बोल्ने हैसियत रहनुपर्ने किमले बताएको सिनमुनले समाचारमा उल्लेख गरेको छ ।

दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले अगस्ट २१ देखि अगष्ट ३१ सम्म हुने वार्षिक उल्ची फ्रिडम शिल्ड (युएफएस) अभ्यासको तयारी गरिरहेका बेला यो निरीक्षण गरिएको हो ।

# म्यान्मारमा खानीमा पहिरो जाँदा कम्तीमा २५ जना बेपत्ता

**सिन्ह्वा**

याङ्गुन । म्यानमारको दुर्गम क्षेत्रमा रहेको जेड (बहुमुल्य पत्थर) खानीमा गएको पहिरोमा परी कम्तीमा २५ जना बेपत्ता भएको उद्धारकर्मीले सोमबार बताएका छन् ।सन् २०२० मा सयौं खनिकहरू पहिरोमा फसेका उत्तरी काचिनको हापाकान्त नगर नजिकै आइतबार भएको यो घटना मुसलधारे वर्षा र बाढीले देशको अधिकांश भाग जलमग्न भएको केही दिनपछि भएको हो ।

अत्यधिक आकर्षक जेड खनन उद्योग प्रायः अनियमित छ, जसका लागि आप्रवासी कामदारहरूले खतरनाक अवस्था र अक्सर घातक दुर्घटनाहरू सहन्छन् ।नाम नबताउने शर्तमा एक उद्धारकर्मीले एएफपीसँग भने, "करीब २५ व्यक्ति वेपत्ता भएको पुष्टि भएको छ । यहाँ पुग्न निकै कठिन छ त्यसैले हामीलाई विस्तृत सूची प्राप्त भएको छैन ।"



उनले १५०-१८० मिटर (५००-६०० फिट) अग्लो माटोको विशाल थुप्रो तीव्र वर्षाले गलेको र भत्किएको बताए । खोजी र उद्धार कार्य जारी रहेको तर जेड भेट्टाउने आशामा केही कामदार आफ्नो शरिरको जोखिम मोलेर पनि घटनास्थलमा फर्किसकेका उनले बताए । उनले भने, "अहिलेसम्म कुनै पनि शव फेला परेको छैन ।"अर्का एक उद्धारकर्मीले एएफपीसँग कुरा गर्दै दोस्रो पटक पहिरो खस्ने डरका बाबजुद पनि उद्धारको प्रयास जारी रहेको पुष्टि गरेका छन् । आपतकालीन समूह 'म्यान्मार रेस्क्यु'मा रहेका ती व्यक्तिले नाम नबताउने शर्तमा भने, "उद्धारकर्मीका लागि वेपत्ताको खोजी गर्नु सुरक्षित छैन ।"

वर्षायाममा खानी सञ्चालन बन्द गरिएको भए पनि पहिरोमा फसेका स्थानीयले सहजै धनी बन्ने लालसामा खानीभित्र गएको वेला दुर्घटना भएको हुनसक्ने उनले बताए । छिमेकी मुलुक चीनमा अत्यधिक लोभलाग्दो रत्न कोर्न कम तलब पाउने आप्रवासी कामदारको प्रयोग गर्ने कमजोर नियमन गरिएको तर आकर्षक जेड उद्योगमा काम गर्दा वर्षेनी दर्जनौंको मृत्यु हुने गरेको छ । रासस

# भारतमा भारी वर्षाका कारण कम्तीमा २४ जनाको मृत्यु

**एएफपी**

देहरादून । भारतमा अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु भएको छ । मृतकमध्ये नौ जनाको मन्दिर भत्किँदा मृत्यु भएको छ भने दर्जनौं बेपत्ता भएको अधिकारीहरुले सोमबार जानकारी दिएका छन् ।केही दिनदेखिको मुसलधारे वर्षाका कारण उत्तरी राज्य उत्तराखण्ड र हिमाञ्चल प्रदेशमा सवारी साधन बगाएको छ, भवन र पुलहरू भत्किएका छन् । बाढी र पहिरो सामान्य कुरा हो र यसले भारतको जोखिमपूर्ण मनसुनको मौसममा व्यापक विनाश निम्त्याउँछ । विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनले यसको आवृत्ति



र गम्भीरता बढाइरहेको छ ।

सबैभन्दा बढी प्रभावित राज्य हिमाञ्चल प्रदेशका मुख्यमन्त्री सुखविन्दर सिंह सुखुले पछिल्लो २४ घण्टामा कम्तीमा १६ जनाको मृत्यु भएको पुष्टि गर्नुभएको छ । "स्थानीय प्रशासनले अझै फसेका व्यक्तिहरूको उद्धार का लागि भग्नावशेष हटाउन लगनशीलताका साथ काम गरिरहेको छ," मुख्यमन्त्रीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

सुखुले स्थानीय बासिन्दालाई घरभित्रै बस्न र नदी नजिक नजान आग्रह गर्नुभएको छ । प्रभावित हिमाञ्चल राज्यका विद्यालयहरू बन्द गरिएको उहाँले बताउनुभयो । छिमेकी राज्य उत्तराखण्डमा भारी वर्षाका कारण पहिरो जाँदा मानिसहरू पुरिएको आशङ्कामा उद्धार टोलीहरू भग्नावशेष हटाउन निरन्तर खटिरहेका छन् ।

राज्यमा शुक्रबारदेखि अहिलेसम्म कम्तीमा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।मनसुनले दक्षिण एसियामा वार्षिक वर्षाको करिब ८० प्रतिशत वर्षा ल्याउँछ र यो कृषि र लाखौंको जीविकोपार्जनका लागि महत्वपूर्ण छ । तर यसले हरेक वर्ष पहिरो र बाढीको रूपमा विनाश पनि ल्याउँछ । रासस



किसान रमेश श्रेष्ठले आफ्नै कृषि फार्ममा गरेको व्यावसायिक तरकारी खेती। श्रेष्ठले २४ रोपनी क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ। *तस्बिर : रासस*

# सुन गाल्ने प्रक्रिया सुरु

काठमाण्डु । नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाले सोमबारदेखि सुनको मात्रा र गुणस्तर पत्ता लगाउने प्रक्रिया सुरु गरेको छ । महाशाखाका प्रमुख थानेश्वर आचार्यले सोमबारेदेखि सुन छुट्याउने काम सुरु गरिएको र भोलिसम्म सक्ने जानकारी दिनुभयो । सुन छुट्याइसकेपछि एक दिन सुन गाल्न समय लाग्ने र त्यसपछि आर्थिक परीक्षणको काम सुरु गरिने उहाँले जानकारी दिनुभयो ।

उहाँले सबै सरोकारवाला प्रतिनिधिको रोहबरमा सुन गाल्ने प्रक्रिया सुरुभएको जानकारी दिनुभयो। राजश्व अनुसन्धान विभागले यही साउन ३ गते सिनामङ्गलस्थित भन्सार कार्यालयबाट बाहिरिएको सुनसहितको १५५ किलो 'ब्रेक शु' बरामद गरेको थियो । बरामद गरिएको सुनसहितको ब्रेक शु टक्सार महाशाखामा राखिएको थियो ।

सुन बरामद भएको १९ दिनपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा सुन प्रकरणको अनुसन्धानको जिम्मा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई दिइएको थियो । सिआइबीको पत्रपछि सोमबारदेखि सुन गाल्नेलगायतका प्रक्रिया सुरु गरिएको हो । रासस

# सिटिजन्स बैंक रभिभान्त डेन्टल हस्पिटल प्रा.लि.बीच समझदारी

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र कमलपोखरी, काठमाडौं स्थित भिभान्त डेन्टल हस्पिटल प्रा. लि. बीच सिटिजन्स बैंकका ग्राहकहरूलाई विशेष छुट दिने समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

सो समझदारी पत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूले भिभान्त डेन्टल हस्पिटलमा २०% सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरु लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरुको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहक मैत्री सुविधाहरु सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८८ वटा शाखा, १४७वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरुबाट १६ लाख २५ हजार भन्दा बढी ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।




# अस्ट्रेलियामा नइ नारी गौरवी पुरस्कार वितरण

**टुडे समाचारदाता**

सिड्नी । नइ एकेडेमी अस्ट्रेलियाले तीज महोत्सव भव्य रुपमा सम्पन्न गरेको छ । गत ११ अगष्टमा ग्रानभिलको रातो घरमा नइ एकेडेमीले अस्ट्रेलिया भर रहेका विभिन्न विधामा उत्कृष्ट नारीहरुलाई 'नइ नारी गौरवी पुरस्कार' (नइ एकेडेमी अस्ट्रेलिया वुमन अफ द इयर- २०२३ अवार्ड) द्वारा सम्मान गरियो । साथै तीज विशेष कार्यक्रम भव्य रुपमा मनाएको थियो ।

सो अवसरमा नइ एकेडेमी अस्ट्रेलियाले स्वेता मैनाली, उषा किरण बारिया, रञ्जु वाग्ले, प्रतिष्ठा गौतम, एन्जी शेर्पा, निना शाही, प्रतिज्ञा अधिकारी र अनुषा श्रेष्ठलाई अवार्ड प्रदान गरिएको थियो । उनीहरुले विभिन्न क्षेत्रमा पुर्याएको सामाजिक योगदानका आधारमा मूल्यांकन गरि अवार्ड प्रदान गरिएको हो ।

त्यस्तै आर्ट कल्चर सोसल सर्भिसतर्फको अवार्ड नारी निकुञ्जलाई प्रदान गरिएको छ । साथै डा.अचना कोइरालालाई साईन्स एण्ड टेक्नोलोजितर्फ अवार्ड प्रदान गरिएको छ ।



तीज महोत्सवमा कलाकारहरु सुनिश कटुवाल, निशा केसी, बिन्दु पौडेल र दिपशी भट्टलगायतले आफ्नो गीत प्रस्तुत गर्दै दर्शकहरुलाई नचाएका थिए ।

समारोहमा सांस्कृतिक संयोजक जेनिशा गौतम, साहित्य सहसंयोजक समु उप्रेती, महासचिव प्रनाव थापा, सचिव सुनिल कटुवाल, कोषाध्यक्ष सुर्जीत आचार्य, सदस्य निशा गौतम, इन्दिरा भट्ट, साजन भण्डारी, मनोज के.सी संचालक वालमुकुन्द तिमिल्सेना, अविनाश शर्मा लगायतको विशेष योगदान रहेको थियो ।

उक्त समारोहमा नइ एकेडेमी अस्ट्रेलियाकी अध्यक्ष सीमा रोशीले स्वागत गर्दै संस्थाका बारे जानकारी दिएकी थिइन् ।

कार्यक्रममा बोल्दै एनआरएनका अध्यक्ष नन्द गुरुङले एनआरएनएको एउटा उद्धेश्य कला संस्कृतिलाई अगाडी बढाउनु रहेको भन्दै नइका कार्यक्रमले नेपाली संस्कृत, कला र भाषाको उत्थानका लागि योगदान दिने बताए । उनले यस्ता कार्यक्रमप्रति आफ्नो सदैव सदासयता रहने बताए। त्यस्तै नवनिर्वाचित अध्यक्ष अनिल पोखरेलले हालै निर्वाचित एनआरएनएको नयाँ समिति सक्रिय रहेको भन्दै कला संस्कृतिको उत्थानका लागि नइ एकेडेमीजस्ता संघ संस्थासँग सहकार्य गरेर अगाडि बढ्ने बताए ।

एनएसडब्ल्यू मेम्बर डोना डेविसले नेपाली समुदाय अन्य समुदायजस्तै नइ एकेडेमी पनि ठूलो समुदाय रहेको बताइन् । साथै उनले नेपाली संस्कृतिलाई महत्वका साथ हेरेको भन्दै अझै अगाडि बढाउन सहयोग गर्ने बताईन् । उनले नइ एकेडेमी जस्ता नेपाली संघसंस्थासगं सहकार्य गर्न आफू सदैव तत्पर रहने बताइन् ।

समारोहमा जेनिशा गौतम, निशा केसीले आआफ्ना स्वर प्रस्तुत गरेका थिए । उनीहरुको स्वर सुन्न अस्ट्रेलियाका नेपालीहरु लालयित हुने गर्छन् ।

एनआरएनएका निवर्तमान अध्यक्ष नन्द गुरुङको प्रमुख आतिथ्यता रहेको उक्त समारोहमा एनआरएनएका नवनिर्वाचित अध्यक्ष अनिल पोखरेल, नेपाली समाजकी अगुवा ईन्द्रा वन, एनएसडब्ल्यू पार्लामेन्ट सदस्य डोना डेविस, नारी निकुञ्जकी पूर्व अध्यक्ष प्रतिज्ञा अधिकारी, अनेसा पूर्व अध्यक्ष सानु घिमिरे, एनआरएनए आईसी सदस्य रमेश अधिकारी, एनआरएनए सहकोषाध्यक्ष रोजी पन्थ, नारी निकुञ्ज एनएसडब्ल्यू अध्यक्ष सवला बस्नेत, नारी निकुञ्ज पूर्व डेप्युटी कोअर्डिनेटर भवानी पराजुली र रुपन्देही सामाजिक सञ्जालका अध्यक्ष मुक्तिराम पोखरेल लगायतको उपस्थिति रहेको थियो ।

# न्यून अङ्कले घट्यो नेप्से परिसूचक

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा न्यून अङ्कको गिरावट देखिएको छ। सोमबारको कारोबारमा नेप्से परिसूचक तीन दशमलव ६१ अङ्कले घटेर दुई हजार ७७ दशमलव २४ अङ्क कायम भएको छ।

सोमबार विभिन्न कम्पनीका ५४ लाख १७ हजार ९२८ कित्ता शेयर रु दुई अर्ब नौ करोड १३ लाख ९० हजार ६३८ मा कारोबार भएका छन्। यो दिनको कारोबारमा बैंक, विकास बैंक, म्यानुफ्याक्चरिङ एण्ड प्रोसेसिङ, माइक्रोफाइनान्स र म्यूचुअल फण्डको उपसमूहमा हरियाली देखिएको छ भने फाइनान्स, होटल तथा टुरिजम, हाइड्रोपावर, इन्भेष्टमेन्ट, लाइफ इन्स्योरेन्स, नन् लाइफ इन्स्योरेन्स, ट्रेडिङ अन्य उपसमूहमा भने रातो देखिएको छ। सोमबार ६८ वटा कम्पनीको शेयर मूल्य बढेको छ भने १४५ वटा कम्पनीको शेयर मूल्य घटेको छ। साथै ११ वटा कम्पनीको शेयर मूल्य स्थिर छ। सोमबार श्री स्टार हाइड्रोपावर लिमिटेड कम्पनीको शेयर मूल्य नौ दशमलव ९८ प्रतिशतले बढेको छ भने अपर स्याङ्गे हाइड्रोपावर लिमिटेडको नौ दशमलव ९७ प्रतिशत, सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सात दशमलव ४४ प्रतिशत, इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडको पाँच दशमलव ९० प्रतिशत र इमर्जिङ नेपाल लिमिटेडको शेयर मूल्य पाँच दशमलव ११ प्रतिशतले बढेको छ।

साथै सबैभन्दा धैरै शेयर मूल्य घट्ने कम्पनीमा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड छ। कम्पनीको शेयर मूल्य छ दशमलव ४६ प्रतिशतले घटेको छ। साथै बुद्धभूमि नेपाल हाइड्रोपावर कम्पनी लिमिटेडको चार दशमलव ८० प्रतिशत, हिमालयन उर्जा विकास कम्पनी लिमिटेडको चार दशमलव २९ प्रतिशत, शुभम् पावर लिमिटेडको तीन दशमलव ७२ प्रतिशत र सानिमा ग्रोथ फण्डको शेयर मूल्य तीन दशमलव ६९ प्रतिशतले घटेको छ। रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

## नामसारी बारे ३५ दिने सुचना

यसमा जिल्ला रौतहट साविक गाविस डुमरिया परोहा वडा नं.९ हाल इशनाथ न.पा.९ मा वस्ने अकलु मिया जोल्हाको नाती उलफत मियाको छोरा समसुल मियाले आफनो बुबा उलफत मियाको नाममा दर्ता रहेको तपसिलको जग्गा नामसारी गरी पाउ भनी इशनाथ नपा वडा नं.९ वडा कार्यालयको च.नं.१२४९ मिति २०८०।३।१ गतेको सिफारीश साथ निवेदन माग गरेकोमा मोठ भिडान हुदा मोठ श्रेष्ता जिर्ण अवस्थामा रहेको खोज तलाश गर्दा फेला नपरेकोले नामसारीको हकदावीको लागी यो ३५ दिने सुचना जारी गरिएको छ । निजको तिनपुस्ता भित्रको नाता पर्ने तथा अन्य कोही अंशियार भए असर पर्ने भए वा नामसारी हुनु नपर्ने कारण भए स प्रमाण सहित आफु वा रितपुर्वकको वारेश मार्फत सुचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनुहोला अन्यथा कानुन बमोजिम एकलौटी नामसारी भै जानेछ ।

**तपसिल**

| जिल्ला | गाविस | वडा नं. | कि.न. | क्षे.फ. | ज.ध. |
|---|---|---|---|---|---|
| रौतहट | डुमरिया परोहा | ८ | २१० | ०-२-० | उलफत मिया वावु अकलु मिया |

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित बटेश्वणर गाउँपालिका-४, धनुषामा संचालन हुने सगुन स्टोन इन्टरनेशनल प्रा. लि. को लागि आवश्यक पर्ने

### प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धि

## सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/३०)**

मधेश प्रदेश, धनुषा जिल्ला बटेश्वतर गाउँपालिका-४, मासंचालन हुने सगुन स्टोन इन्टरनेशनल प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नामः | श्री सगुन स्टोन इन्टरनेशनल प्रा.लि.को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| प्रस्तावकको नाम र ठेगानाः | नामः सगुन स्टोन इन्टरनेशनल प्रा. लि.<br>ठेगानाः बटेश्व र गाउँपालिका-४,धनुषा<br>सम्पर्क नं.: ९८५४०२४६९० (राकेश महतो) |
| प्रस्तावको व्यहोराः | बटेश्वार गाउँपालिका-४, धनुषाको कि.नं. ३६, ११६२, ११६४, १३०७, १३०८, ११६५, ८२६, ११६६, ११६७, ११६८, ३७ र ११६३ गरी १२ कित्ताको कुल क्षेत्रफल २-१२-१७-० (बिगहा-कठ्ठा-धुर-कनवा)जग्गामा कच्चा पदार्थको रुपमा स्वेदश, भारत लगायत अन्य मुलुकबाट मार्बल, ग्रेनाईट, चिप्स, स्नेटरीको ब्लक खरिद/आयात गरी उद्योगमा आवश्यकता अनुसारको आकार/साइजमा कटिङ्ग तथा पोलिसिङ्ग गरि स्वदेश तथा भारत लगायत अन्य देशमा बिक्रि तथा निर्यात गर्ने उद्देश्य रहेको उद्योग स्थापना तथा संचालन । |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा.: | धनुषा जिल्ला बटेश्वरर गाउँपालिका वडा नं. ४ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तह (न.पा./गा.पा). तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल/स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयको नाम र ठेगानाः | बटेश्वर गाउँपालिका, ४नं. वडा कार्यालय, धनुषा |
| प्रस्तावकको नाम र ठेगानाः | नामः सगुन स्टोन इन्टरनेशनल प्रा. लि.<br>ठेगानाः बटेश्व र गाउँपालिका-४, धनुषा<br>सम्पर्क नं.: ९८५४०२४६९० (राकेश महतो) |
| जिल्ला स्थित सम्बन्धित उद्योग कार्यालयको नाम र ठेगानाः | नामःघरेलु तथा साना उद्योग कार्यालय ।<br>ठेगानाः जनकपुरधाम, धनुषा<br>सम्पर्क नं.: ०४१-५२०१६७ |
| सम्बन्धित वडा कार्यलयको नाम र ठेगानाः | बटेश्वधर गाउँपालिका वडा नं. ४, धनुषा |
| परामर्शदाताको नाम र ठेगानाः | नामः ईन्भारोमेन्ट फरेष्ट सर्विसेज एण्ड रिसर्च सेन्टर<br>ठेगाना : जनकपुरधाम उप-महानगरपालिका-७, धनुषा<br>सम्पर्क व्यक्तिः राम शोभा मण्डल<br>सम्पर्क फोन नं.: ९८६८३९७१४०<br>ई-मेलः shorearam@gmail.com |

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको

## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतीस) दिने सूचना

**प्रकाशित मितिः २०८०/०४/३०**

तपसिलमा उल्लेखित ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सहयोगी विकास बैंक लि.)को महेन्द्रनगर धनुषा शाखा कार्यालयबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सुचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।
साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्यादभित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसुचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

**१) कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक- अधिविकर्ष कर्जा**

**ऋणी तथा जमानीकर्ताको नाम र ठेगाना**

**नाम : जनारसी देवी यादब**
पति : राम जुलुम यादब
ससुरा : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ५९६५।८२९५०७३५
जारी मिति : २०४३/१०/०७
जि.प्र.का. : धनुषा

**जमानीकर्ताहरुको नाम र ठेगाना**

**१. नाम : बिमल कुमार यादब**
बुबा : राम जुलुम यादब
बाजे : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : १७३०७५।६९९
जारी मिति : २०६३/१२/१७
जि.प्र.का. : धनुषा

**२. नाम : नागेन्द्र यादब**
बुबा : राम जुलुम यादब
बाजे : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ८२९५२४२२
जारी मिति : २०४८/०६/१०
जि.प्र.का. : धनुषा

**३. नाम : सुमिन्त्रा कुमारी यादब**
बुबा : कृष्ण यादव
पति : नागेन्द्र यादब
ससुरा : राम जुलुम यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ३९६९६९०८
जारी मिति : २०५८/०७/०१
जि.प्र.का. : धनुषा

**४. नाम : जनारसी देवी यादब**
बुबा : राम सुन्दर यादव
पति : राम जुलुम यादब
ससुरा : सेवकी यादब
ठेगाना : सपही गा.वि.स.वडा नं.४, धनुषा
हाल : लक्ष्मीनिया गाउँपालिका वडा नं.३, धनुषा
ना.प्र.नं. : ५९६५।८२९५०७३५
जारी मिति : २०४३/१०/०७
जि.प्र.का. : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरणः**

**धितो सुरक्षण धनीको नामः जनारसी देवी यादब**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | सपही | ८/ग | १९८ | ०-०-१० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |
| धनुषा | सपही | ८/ग | २०१ | ०-१-८ | |
| धनुषा | सपही | ८/ग | १९९ | ०-०-१० | |
| धनुषा | सपही | ८/ग | २०३ | ०-१-१३ | |

**२) कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक- आवधिक कर्जा**

**ऋणीको नाम र ठेगाना**

**नाम : नविन जंग थापा**
बुवा : निर जंग थापा
बाज : टेक बहादुर थापा
ठेगाना : बटेश्वर गा.वि.स.वडा नं.३, धनुषा
हाल : बटेश्वर गाउँपालिका वडा नं.४, धनुषा
ना.प्र.नं. : १०२३२५४४
जारी मिति : २०५२/०३/३२
जि.प्र.का. : धनुषा

**जमानीकर्ताको नाम र ठेगाना**

**नाम : विधा प्रिया शर्मा थापा**
बुबा : ओमकार शर्मा
ससुरा : निर जंग थापा
ठेगाना : बटेश्वर गा.वि.स.वडा नं.३, धनुषा
हाल : बटेश्वर गाउँपालिका वडा नं.४, धनुषा
ना.प्र.नं. : ७६०५
जारी मिति : २०६१/११/१२
जि.प्र.का. : धनुषा

**धितो राखिएको सम्पत्तिको विवरणः**

**धितो सुरक्षण धनीको नामः नविन जंग थापा**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं./नक्सा सिट | कि.नं. | क्षेत्रफल (बि.क.धु) | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | बटेश्वर | ३ | १२१ | ०-१०-० | सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत । |

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

## रौतहटमा ३३४ भन्दा बढी उजुरी फछ्र्योट

# मिटर ब्याजीले हड्पेको २ विघा भन्दा बढी जग्गा फिर्ता




**टुडे समाचारदाता**

गरुडा । रौतहटमा मिटर ब्याज सम्बन्धी हालसम्म ३ सय ३४ वटा भन्दा बढी उजुरी फछ्र्योट भएको छ ।

जिल्ला प्रशासन कार्यालय रौतहटले अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी परेको उजुरीमध्ये हालसम्म ३ सय ३४ वटा उजुरी फछ्र्योट गरेको छ ।

जिल्लाभरिबाट जिल्ला प्रशासन कार्यालय गौरमा मिटर ब्याज सम्बन्धी परेको २ हजार ७८ उजुरीमध्ये छलफल विधिबाट ३ सय ३४ उजुरी पीडितको पक्षमा फछ्र्योट गरिएको रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी मणिभुषण साहले जानकारी दिए ।

दर्ता भएका उजुरीमध्ये ५ सय भन्दा बढी उजुरीमाथी छानबिन गर्दा ३ सय ३४ वटामा दुवै पक्षबीच सहमति भएर फछ्र्योट भएको सहायक प्रमुख जिल्ला अधिकारी साहले बताए ।

३ सय ३४ जना मिटर ब्याज पीडितहरुले मिटर ब्याजी अर्थात साहु महाजनबाट विभिन्न प्रयोजनका लागि ५ करोड ५२ लाख ५६ हजार ५ सय रुपैयाँ ऋण (कर्जा) लिएका थिए ।

उक्त ५ करोड ५२ लाख ५६ हजार ५ सय रुपैयाँको साँवा र ब्याज सहित ऋणीहरुबाट साहुले १२ करोड ६८ लाख ८९ हजार ३ सय ३० रुपैयाँ पाउनुपर्ने माग दाबी गरेका थिए तर जिल्ला प्रशासन कार्यालय रौतहटले पीडित र साहुबीच ७ करोड ५३ लाख १ हजार रुपैयाँमा मात्र मिलापत्र अर्थात सहमति गराएको सहायक प्रमुख जिल्ला अधिकारी साहले बताए ।

आफूहरु पीडितलाई न्याययोचित एवं सम्मानजनक ढंगले कसैको दबाब प्रभावमा नपरी पीडितको पक्षमा मुद्दा टुंगो लगाउने गरेको बताउँदै उनले दैनिक रुपमा दर्जनौ उजुरीमाथी छानबिन एवं अनुसन्धान गरी छलफलको माध्यमबाट पीडित र साहु महाजनबीच सहमति गराउने काम द्रुत गतिमा गरिरहेको बताए ।

मिटर ब्याज सम्बन्धी समस्या समाधान गर्नका लागि रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी मणिभुष्ण साहको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट एक एक जना प्रतिनिधि रहने गरि चार सदस्यीय एक समिति गठन गरिएको छ ।

सो समितिले मिटर ब्याज पीडितहरुलाई विशेष प्राथमिकता दिएर मिटर ब्याजीहरुलाई कारवाही गर्ने र पीडितहरुलाई न्याय दिलाउने काम भइरहेको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख एवं प्रमुख जिल्ला अधिकारी (सिडिओ) धर्मेन्द्र कुमार मिश्रले बताए ।

मिटर ब्याज सम्बन्धी परेको उजुरीमाथी छानबिन एवं अनुसन्धान गर्दा मिटर ब्याजीहरुले ऋणीहरुलाई थोरै रकम दिएर त्यसबापत बढीको कपाली तमसुक गराएको, दोब्बर तेब्बरसम्म बढीको बैंक चेक र जग्गा जमिन, घर घडेरी धितोबापत आफना नाममा रजिस्ट्रेशन गराएको पाइएको प्रमुख जिल्ला अधिकारी मिश्रले बताए ।

कसैकसैले एक लाख रुपैयाँको २० लाख भन्दा बढीसम्म रकम असुली गरिसकेको तर पनि धितो वापत रजिस्ट्रेशन गराएका जग्गा पीडितलाई फिर्ता नगरेको भेटिएको उनले बताए ।

उजुरी छानबिनका क्रममा दुवै पक्षबाहेक कपाली वा अन्य कागजात लेख्ने लेखापढी, साक्षीलाई कार्यालयमा बोलाएर आवश्यक सोधपुछ गर्ने, आवश्यक प्रमाण खोज्ने र सहमतिका लागि अधिकतम प्रयास गर्ने गरिएको सिडियो मिश्रले बताए ।

छानबिनका क्रममा लेनदेन गर्नेको कागजमा उल्लेख रहेको रकम लेनदेन गर्ने हैसियत तथा आवश्यकता र स्रोत रहे नरहेको अनुसन्धान गर्ने गरिएको प्रजिअ मिश्रको भनाइ छ ।

"उजुरीको छानबिन गर्दा सकेसम्म सहमतिमै समस्या समाधान होस् भन्ने नै हाम्रो चाहना रहन्छ", प्रजिअ मिश्रले भने, "त्यहीअनुसार हामीले उजुरीकर्ता र आरोपित दुवै पक्षलाई सहमतिका छलफल गराउँछौं ।" अहिलेसम्म धेरै जसोमा सहमतिबाटै उजुरी फछ्र्योट भइरहेको छ, यो राम्रो पक्ष हो ।'

पहिला पीडित र पिडक दुबै पक्षलाई कार्यालयमा बोलाएर सहमतिका लागि छलफलको माध्यमले प्रयास गर्ने गरिएको र पीडितसंग सहमति गर्न नचाहने साहुमाथी मुद्दा दायर गर्ने गरिएको प्रशासनले जनाएको छ ।

यसैबिच जिल्ला प्रशासन कार्यालय रौतहटले चर्को ब्याजदरमा लिएको रकम तिर्न नसकेपछि साहु (मिटरब्याजी) ले जबर्जस्ती हडपेको सर्वसाधारणको २ बिघा भन्दा बढी जग्गा सम्बन्धित व्यक्तिकै नाममा फिर्ता गराइदिएको छ ।

जाँचबुझ आयोग र सहायक प्रमुख जिल्ला अधिकारी साहको नेतृत्वमा रहेका संयन्त्रको पहलमा हालसम्म ३५ जना भन्दा बढी मिटर ब्याज पीडितहरुलाई २ बिघा भन्दा बढी जग्गा सम्बन्धित व्यक्तिकै नाममा फिर्ता गरिएको छ ।

त्यस्तै जाँचबुझ आयोग र सहायक प्रजिअ नेतृत्वको संयन्त्रकै बलमा जिल्लामा करिब ५ करोड रुपैयाँभन्दा बढी रकम उल्लेख गरिएका कपाली तमसुक (कागज) पनि नष्ट गरिएको छ ।

मिटर ब्याजीबाट पीडितहरुले दिएको उजुरी अनुसन्धान गर्दा कम पैसा दिएर बढी रकम लिने उद्देश्यले साहुहरु चर्को ब्याजमा रकम लगानी गरेको, साँवाभन्दा ब्याज रकम बढी लिएको, रकम तिरिसक्दा पनि तमसुक राखेर ऋणीका जग्गा हडप्ने काम गरेको पाइएको छ ।

प्रशासनले यस्ता अपराध निरुत्साहित गर्न ऋणभन्दा चर्को ब्याजका कारण गुम्न पुगेको जायजेथा मिलापत्रबाटै फिर्ता गर्ने नीतिलाई प्राथमिकताका साथ कार्यान्वयन गर्नथालेपछि चर्को ब्याजमा रकम लगानी गर्ने मिटर ब्याजीहरुको भागाभाग भएको छ भने पीडितहरु खुसी भएका छन् । चर्को ब्याजका कारण साहु महाजनको फन्दामा परेका सर्वसाधारण यतिखेर साहुबाट धमाधम छुटकारा पाउन थालेका छन् ।

# जनताका कामलाई पहिलो प्राथमिकता दिन्छु : नवनियुक्त मन्त्री अनिता

**टुडे समाचारदाता**

काठमाण्डु । नवनियुक्त सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवीले जनतालाई केन्द्रमा राखेर प्रभावकारीरुपमा सेवा प्रवाह गर्ने बताएकी छन् ।

सिंहदरबारस्थित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सोमबार पदभार ग्रहण गर्दै उनले सहज र छरितो ढङ्गले जनतालाई सेवा दिनु नै आफ्नो पहिलो प्राथमिकता भएको उल्लेख गरे ।



मन्त्री अनितादेवीले सङ्घीयतालाई कायम राख्दै सुशासनयुक्त प्रभावकारी सेवा प्रवाह दिनेमा अग्रसर रहनेसमेत प्रतिबद्धता व्यक्त गरे । आमनागरिकलाई सहज र सुलभ सेवा कसरी दिनेभन्ने बारेमा आफू सचेत रहेको उनको भनाइ छ ।

त्यस्तै निवर्तमान सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले नवनियुक्त मन्त्री साहलाई स्वागत गर्दै आफूले गर्न नसकेको काम पूरा गर्न सुझाव दिए ।

उनले भने-'सङ्घीय निजामती सेवा ऐनदेखि संविधानले दिएको स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्रसम्बन्धी विधेयक अगाडि बढाउन सकिन नवनियुक्त मन्त्रीले यसलाई पूरा गर्ने विश्वास लिएको छु ।'

निवर्तमान मन्त्री मोदीले आफूलाई प्रधानमन्त्रीले मन्त्रिपरिषद्को बैठकमा राम्रो काम गरेकामा धन्यवाद दिएको बताउँदै सुखद बिदाइ हुन पाएकामा खुसी व्यक्त गरे ।

सत्यमेव जयते



**नितेश कुमार**
महावाणिज्यदूत

नेपाल स्थित भारतको महावाणिज्य दूतावासको तर्फबाट, म भारतको ७७ औं स्वतन्त्रता दिवसको शुभ अवसरमा भारतीय समुदायलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । वाणिज्य दूतावासले विगत साढे दुई वर्षदेखि 'आजादी का अमृत महोत्सव' अन्तर्गत विभिन्न कार्यक्रमहरु आयोजना गरेको छ । १२ मार्च २०२१ मा सुरु भएको यो महोत्सव ०९ अगस्ट २०२३ मा सुरु भएको "मेरी माटी मेरा देश" सँगै, ३० अगस्ट २०२३ मा समापन हुनेछ । देश आगामी २५ वर्षको लागि "अमृत काल"मा प्रवेश गर्दैछ । भारतको महावाणिज्य दूतावास भारतीय समुदायलाई 'अमृत काल' को समयमा आगामी कार्यक्रमहरूको उत्सवमा सामेल हुन आग्रह गर्दछ।

आजादी का अमृत महोत्सवको उपलक्ष्यमा वाणिज्य दूतावासले साइकल र्‍याली, रक्तदान शिविर, क्रिकेट म्याच, वाकाथन/म्याराथन, अन्तर्राष्ट्रिय महिला दिवस, ब्याडमिन्टन प्रतियोगिता, संविधान दिवस, आयुर्वेद दिवस, हिन्दी दिवस, टक शो, अन्तरक्रिया कार्यक्रम, कार्यशाला, वेबिनार, चितवन, बीरगंज र जनकपुरमा अन्तर्राष्ट्रिय योग दिवस, बीरगंज र जनकपुरमा भारतीय साँस्कृतिक साँझ, प्रश्नोत्तरी प्रतियोगिता, निबन्ध प्रतियोगिता, फोटोग्राफी प्रतियोगिता, कविता प्रतियोगिता, स्केच प्रतियोगिताजस्ता उल्लेखनीय कार्यक्रमहरू आयोजना गरेको थियो । वाणिज्य दूतावासले 'आजादी का अमृत महोत्सव' अन्तर्गत शहिद दिवस (३० जनवरी), विश्व मिर्गी दिवस (फेब्रुअरी १३), अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ०८), विश्व क्षयरोग दिवस (मार्च २४), विश्व ब्रेन ट्युमर दिवस (जुन ०८), अन्तर्राष्ट्रिय योग दिवस (जुन २१), आदि मनाएको छ । वाणिज्य दूतावासले स्वस्थ जीवन शैली, विद्युतीय फोहोर न्यूनीकरण, एकल प्रयोगको प्लास्टिकको कम प्रयोग वा न्यूनिकरण, दिगो खाद्य प्रणाली, फोहोरको न्यूनीकरण, ऊर्जा र पानीको बचत सम्बन्धी जनचेतना जगाउन मिशन LiFE (जुलाई २०-२७, २०२३) मा विशेष सप्ताह पनि आयोजना गरेको छ । भारतीय सेना, आसाम राइफल्स र भारतको केन्द्रीय सशस्त्र प्रहरी बलमा सेवा गरेका ७५ वर्ष वा सोभन्दा माथिका नेपाली पूर्व सैनिकहरूलाई अभिनन्दन गर्ने उद्देश्यले वाणिज्य दूतावासले अगस्त ५, २०२३ मा भरतपुर, चितवनमा "वरिष्ठ योद्धा सम्मान" कार्यक्रमको आयोजना गरेको हो ।

भारतले भारतीय डायस्पोरा र विदेशमा रहेका भारतीय मिशन/पोस्टहरू बीच नेटवर्क स्थापना गर्ने उद्देश्यले ग्लोबल प्रवासी रिश्ता पोर्टल (https://pravasirishta.gov.in/home) सुरु गरेको छ । पोर्टलले डायस्पोराका फाइदाहरूका लागि र महत्त्वपूर्ण नीतिगत मुद्दाहरूमा डायस्पोराहरूको राय सङ्कलन गर्नका लागि सुरु गरिएका विद्यमान र नयाँ सरकारी योजनाहरूको नवीनतम जानकारी प्रदान गर्नेछ । भारतीय डायस्पोराका सबै सदस्यहरूलाई पोर्टलमा दर्ता गर्न अपिल गर्दछौं ।

वाणिज्य दूतावासले आफ्नो क्षेत्राधिकारमा बस्ने भारतीय नागरिकहरूको गुनासोहरू समाधान गर्न कन्सुलर सेवाहरूमा मासिक खुला घर (Open Forum For Consular Grievances) आयोजना गर्दछ । हालसम्म त्यस्ता १८ ओपन हाउस सञ्चालन भइसकेका छन् । मधेस प्रदेशका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्ला र वाग्मती प्रदेशका मकवानपुर र चितवन जिल्लामा बसोबास गर्ने सबै भारतीयहरूलाई बीरगंज स्थित भारतीय महावाणिज्य दूतावासमा दर्ता गर्न अपिल गर्दछौं ।

भारतको महावाणिज्य दूतावास नदीको तटबन्ध, एकीकृत जाँच चौकी, रेलमार्ग निर्माण, दुई देशबीचको द्विपक्षीय व्यापारमा पुलको रूपमा सहयोग गर्नुका साथै नेपालका जनतालाई शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधारको विकास, विद्यार्थीहरुलाई छात्रवृत्ति, विश्वसनीय संस्थालाई एम्बुलेन्स/बस उपलब्ध गराउने जस्ता सहयोग प्रदान गर्न प्रतिबद्ध छ ।

राजदूत श्री नवीन श्रीवास्तवज्युको ०२ देखी ०४ फेब्रुअरी, २०२३ मा मधेश प्रदेश भ्रमणको क्रममा वहाँले मधेश प्रदेशका प्रदेश प्रमुख, मुख्यमन्त्री र अन्य प्रमुख राजनीतिक नेताहरूसँग छलफल गर्नुभयो । वहाँले अन्य सरोकारवाला र नागरिक समाजका सदस्यहरूसँग पनि छलफल गर्नुभयो । ०३ फेब्रुअरी २०२३ मा वहाँले सिरहा र सप्तरी जिल्लामा भारत सरकारको आर्थिक सहयोगमा निर्माण भएका तीनवटा विद्यालय भवन र दुईवटा अस्पताल भवनको उद्घाटन गर्नुभयो । उद्घाटन गरिएका विद्यालयहरू (i) श्रीराम जानकी मा. वि., छ जना, सुखीपुर नगरपालिका; (ii) श्री नरेन्द्र स्मृति सार्वजनिक माध्यमिक विद्यालय, राजविराज नगरपालिका; (iii) श्री जनता रामेश्वर स्मृति मावि, डाक्नेश्वरी नगरपालिका र उद्घाटन गरिएका अस्पतालहरू (i) श्री महेन्द्र गेनाइ स्मृति प्रसूति तथा बाल कल्याण अस्पताल, धनगढीमाई नगरपालिका; (ii) गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल, राजविराज नगरपालिका । सर्लाहीको बलारा नगरपालिकामा रहेको श्री रामसखी मोहित सिंह जनता माविको विद्यालय भवन ०३ फेब्रुअरी २०२३मा स्वयं उद्घाटन गरे ।

म संगै प्रतिनिधिसभाकी सदस्य तथा नेपाल-भारत महिला मित्रता समाजकी अध्यक्ष माननीय चन्दा चौधरीज्यु,ले प्रथम चरणमा सर्लाही जिल्लाको कौडेना गाउँपालिकाका लाभार्थीहरुलाई गत अप्रिल १९, २०२३मा ५०० थान एलपी ग्यास चुलो र सिलिन्डर तथा अन्य सामान हस्तान्तरण गरेका थियौं । दोस्रो चरणमा सप्तरी जिल्लाको तिरहुत गाउँपालिकामा विपन्न परिवारलाई जुन ०३, २०२३ मा २७५ वटा एलपी ग्यास चुलो, सिलिन्डर र अन्य सामान वितरण गरिएको थियो । भारत सरकार द्वारा नेपाल-भारत महिला मैत्री समाजको सहकार्यमा सप्तरी, सर्लाही र रौतहट जिल्लामा कुल ३ हजार सेट ग्यास चुलो र १४.२ केजीको सिलिन्डर र अन्य सामान वितरण गरिने भएको छ ।

नेपालका भौतिक पूर्वाधार तथा यातायात मन्त्री मा. प्रकाश ज्वाला र भारत राजदूतावास काठमाडौंका उपप्रमुख श्री प्रसन्न श्रीवास्तवको उपस्थितिमा १६ जुलाई २०२३ मा भारतको बिजलपुरादेखि जयनगर जोड्ने रेलमार्गको बिजलपुरा-कुर्था खण्डको सञ्चालन सुरु भएको थियो । कुर्था-बिजलपुरा लाइनले कुल १७.३ किलोमिटर ओगटेको छ । यो ६८.७ किलोमिटरको जयनगर-बिजलपुरा-बर्दिबास अन्तरदेशीय रेलमार्गको दोस्रो चरण हो । जयनगरदेखि कुर्थासम्मको पहिलो चरण २०२२ अप्रिलमा उद्घाटन गरिएको थियो ।

नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवज्युले १७ जुलाई २०२३ मा ३४ एम्बुलेन्स र ५० वटा बस वितरण गर्नुभयो । ३४ एम्बुलेन्स मध्ये ०७ वटा एम्बुलेन्स मधेश प्रदेशका पाँच जिल्लाका लाभार्थीहरूलाई प्रदान गरिएको थियो । सिरहा (०२ एम्बुलेन्स); धनुषा (०२ एम्बुलेन्स); महोत्तरी (०१ एम्बुलेन्स); रौतहट (०१ एम्बुलेन्स) र बारा (०१ एम्बुलेन्स) । ५० वटा बसमध्ये ०६ वटा बस मधेश प्रदेशका चार जिल्लाका लाभार्थीलाई दिइयो । सप्तरी (०१ बस); धनुषा (०२ बस); सर्लाही (०२ बस) र रौतहट (०१ बस)। चितवनका लाभग्राहीलाई एक-एक बस र एम्बुलेन्स वितरण गरिएको छ ।

वाणिज्य दूतावासले नेपाल र भारतका जिल्ला प्रशासनबीच सामयिक हितका विषयमा हुने सीमा समन्वय बैठकमा सहजीकरण र सहभागी हुँदै आएको छ । दुवै देशका सीमावर्ती जिल्लाका जिल्ला प्रशासनबीच समन्वयका लागि भर्खरै वीरगन्ज, रक्सौल र मधुबनीमा बैठक बसेको थियो । भारतको मधुबनी र नेपालको सप्तरी, सिरहा, धनुषा र महोत्तरीका जिल्ला अधिकारीहरूबीच पछिल्लो सीमा समन्वय बैठक अगस्त ०५, २०२३ मधुबनीमा भएको थियो ।

वाणिज्य दूतावास सीमापार सवारी साधनहरूको सहज आवतजावतको सुविधा प्रदान गर्दछ । यहाँवाट व्यापार विवादको मामलामा मध्यस्थता पनि गर्दछ । वाणिज्य दूतावास विभिन्न निजी र यातायातका सवारी साधनहरूलाई छोटो अवधि र दीर्घकालीन भारत भ्रमणका लागि सवारी अनुमतिहरू जारी गर्दछ।


१ डिसेम्बर २०२२ मा, भारतले २० को समूह (G-20) को अध्यक्षता ग्रहण गर्यो । G-20 ले १९ ठूला अर्थतन्त्रहरू र युरोपेली संघलाई प्रतिनिधित्व गर्दछ, जसमा विश्वव्यापी GDP को ८५%, विश्वव्यापी व्यापारको ७५% भन्दा बढी, र विश्वव्यापी जनसंख्याको लगभग दुई तिहाई समावेश छ। भारतको G-20 प्रेसिडेंसीको विषयवस्तु "एक पृथ्वी, एक परिवार, एक भविष्य" हो, जसलाई संस्कृतमा वासुधैव कुटुम्बकम वाक्यांशले पनि समेटेको छ । विश्वव्यापी मुद्दाहरूमा भारतको समग्र अन्तरनिर्भर दृष्टिकोणले प्रभावकारी र समतामूलक विश्वव्यापी सहयोगलाई जोड दिन्छ । ९-१० सेप्टेम्बर २०२३ मा भारतमा G-20 शिखर सम्मेलन हुने समय सम्म, G-20 को लगभग २०० बैठकहरू भारतका ५० भन्दा बढी शहरहरूमा ३२ विभिन्न कार्यहरूमा G-20 कार्य योजना अगाडि बढाउनको लागि आयोजना भइसकेको हुनेछ। । यसले विश्वव्यापी सहयोगको लागि ठूलो क्यानभास प्रदान गर्दछ ।

G-20 अध्यक्षको रूपमा भारतका छवटा घोषित प्राथमिकताहरू हुन्, जलवायु परिवर्तन सहित जलवायु कार्य; समावेशी र लचिलो वृद्धि; दिगो विकास लक्ष्यहरू (SDGs) मा प्रगतिको गति; प्राविधिक रूपान्तरण र डिजिटल सार्वजनिक पूर्वाधार; महिला नेतृत्व विकास; र बहुपक्षीय सुधार ।

भारतले मानव-केन्द्रित भूमण्डलीकरणको नयाँ प्रतिमानलाई आकार दिने दृष्टि पहिले नै प्रस्तुत गरिसकेको छ । प्रधानमन्त्री मोदीका अनुसार यस कार्यका लागि दिगो र वातावरणमैत्री जीवनशैलीलाई प्रोत्साहन गर्ने, मानवीय संकटबाट बच्न खाद्यान्न, मल र चिकित्सा उत्पादनको विश्वव्यापी आपूर्तिलाई गैर-राजनितिकीकरण गर्ने, र विश्वव्यापी सुरक्षामा योगदान पुर्याउने सामूहिक विनाशका हतियारहरूबाट निम्त्याउने जोखिमहरू न्यूनीकरण गर्न इमानदार कुराकानीलाई प्रोत्साहन गर्ने काम गर्नुपर्दछ । तर सबैभन्दा महत्त्वपूर्ण कुरा, विदेश मन्त्री एस जयशंकरका अनुसार, भारतले बहुध्रुवीय विश्वमा प्राविधिक र रणनीतिक गठबन्धनहरू प्रहार गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले भारतको भूराजनीतिक स्थिति निर्धारण गर्न प्रविधिको भूमिकालाई जोड दिइरहेको छ।

नेपालका प्रधानमन्त्री सम्माननीय श्री पुष्पकमल दाहाल प्रचण्डज्युको ३१ मे देखि ०३ जुन २०२३ सम्मको भारत भ्रमणले दुई देशबीचको उच्चस्तरीय भ्रमण र आदानप्रदानको परम्परालाई निरन्तरता दिँदै दुई देशबीचको सदियौं पुरानो सम्बन्धलाई सुमधुर बनाएको छ । नेपालमा पूर्वाधार निर्माणमा नेपाल सरकारको प्रयासमा टेवा पुग्ने परियोजनाहरूसँग जोडिन पाउँदा भारत सरकार खुसी छ । भारतले आफ्नो "छिमेकी पहिलो"नीतिको एक भागको रूपमा नेपालसँगको सम्बन्धलाई सबैभन्दा महत्त्वपूर्ण मान्दछ र विभिन्न पहलहरू मार्फत नेपालका जनतालाई सहयोग जारी राख्नेछ।

जय हिन्द !







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८